मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

● वर्ष ४ ● अंक १५० ● २०८३ साल वैशाख ०६ गते आइतबार ● Sunday 19, April 2026 ● सूर्योदयः बिहान ०५:३९ बजे ● सूर्यास्तः साँझ ०६:३० बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## बजेट विनियोजन गर्न अर्थमन्त्रीको ध्यानाकर्षण

समाचार पृष्ठ ५ मा



टिप्पणी

# केन्द्र सरकारमा मधेश हाबी, मधेशी जनताले पाउलान् राहत ?

ध्रुव साह
वीरगंज।

चैत १३ गते बनेको नयाँ सरकारको नेतृत्व बालेन्द्र शाह (बालेन)ले गरेका छन्। उनले 'मधेशी छोरा प्रधानमन्त्री हुँदैछ' भनेर जनकपुरमा आफ्नै लागि भोट मागे । नभन्दै मधेशको ३२ सिटमा ३० सिट उनकै पार्टी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले जितेको छ । र, चुनावी वाचाअनुसार शाह प्रधानमन्त्री भएका छन् । चैतभरमा उनले ३ पटक मन्त्रिमण्डल गठन गरिसकेका छन्। जसमा मन्त्री बनेको १४ दिनमै महोत्तरीका दीपक साह, जो उनको पारिवारिक नातेदार नै हुन्, मधेशका सांसदलाई मन्त्रीबाट निलम्बन पनि गर्नु परेको थियो।

उसो त उनले थपेको मन्त्रिमण्डलमा मधेशी मात्र परेका छैनन्, मधेशी महिला पनि समेटिएका छन्। भर्खरै बनेको प्रतिनिधि सभाका एक दर्जन समितिका सभापतिमा पनि मधेशका राजनीतिक खेलाडी युवा अनुहार रहबर अन्सारी समेटिएका छन् । समितिका सभापति पनि मन्त्रीसरह अधिकार र हैसियतका हुन्छन्।

उसो त अघिल्लो सरकारले बनाएको राष्ट्रपति, उपराष्ट्रपतिमध्ये एउटा महिला वा मधेशी हुनैपर्नेमा बाराकै रामसहायप्रसाद यादव बहाल छन् ।यसरी हेर्दा मधेशले उपराष्ट्रपति, प्रधानमन्त्री, प्रभावशाली मन्त्रालयहरु र समितिको सभापतिसमेत पाएको छ । उपराष्ट्रपतिबाहेक सबै एउटै पार्टीबाट निर्वाचित र युवा पुस्ताकेन्द्रित छन् । देशकै धेरै जनसंख्या भएको मधेश प्रदेशले के यो सरकारबाट राहत पाउला ? या यो सरकार पनि अघिल्लो सरकारहरुजस्तै मधेशका नाममा भोट लिएर सत्तामा पुग्ने भरेङमा सीमित होला ? यो प्रश्नले घर यसअर्थमा गरेको छ कि उत्साहित भएर मधेशी जनताले बालेन्द्र शाह र रास्वपालाई मत दिए । बालेन्द्र शाहको सरकार बनेको एक महिना नपुग्दै नेपाल भारत सीमाका जनता अत्यन्त बेखुश हुनु परेको छ। कारण होः एक सय रुपैयाँको बिल र भन्सार कर । यस्ता ससाना विषयमा जनता बेखुश हुने अवस्था बनाएको भनेर नेपाल भारत सीमा अझ २२ जिल्लामै असन्तुष्टि फैलिएको छ।

यो असन्तुष्टि जस्तै अरु पनि दुःख पो थपिने हो कि ? जनता त्रसित र सशंकित छन् । फेरि पनि सरकार बलशाली छ। बालेन्द्र शाहले गलत गर्दैनन् भन्ने भरोसा र आसा पनि छ।

## यसपटक सरकारमा रहेका मधेशी अनुहारहरु कस्ता छन् ? एकपटक सबैलाई सम्झौँ



**रामसहायप्रसाद यादव**
**उपराष्ट्रपति**

रामसहाय प्रसाद यादव नेपाली राजनीतिज्ञ, पूर्व वन तथा वातावरण मन्त्री तथा वर्तमान समयमा नेपालको तेस्रो निर्वाचित उपराष्ट्रपति हुन् । २०७९ चैत ३ गते भएको उपराष्ट्रपतीय निर्वाचनमा उनी विजयी भएका थिए।

तत्कालीन मधेशी जनअधिकार फोरमको सामानुपातिक सूचीबाट उनी पहिलो संविधान सभा सदस्य भएका थिए भने विसं. २०७४ र २०७९ मा भएको प्रतिनिधि सभा निर्वाचनमा बारा–२ बाट निर्वाचित भएर सङ्घीय संसदको सदस्य भएका थिए।

यादवले विसं. २०४७ सालमा नेपाल सद्भावना पार्टीमा प्रवेश गरेर आफ्नो राजनीतिक यात्रा सुरु गरेका थिए। पछि उनी मधेशी जनअधिकार फोरमको संस्थापक महासचिव भए। उनी विसं. २०६३–६४ को पहिलो मधेश आन्दोलनमा संलग्न थिए। उनी विसं. २०६४ मा उनी पहिलो संविधान सभामा निर्वाचित भए।यादवले शेरबहादुर देउवाको मन्त्रिपरिषद्मा वन तथा वातावरण मन्त्रीको रूपमा काम गरेका थिए।

२०२७ सालमा बाराको साबिक गाउँ विकास समिति कचोर्वा वडा नं. ८, बसवरिया हाल सिम्रौनगढ नगरपालिका वडा नं. ९, बसवरियाका बासिन्दा हुन् । उनले कलैयास्थित पन्नादेवी कन्या माध्यमिक विद्यालयमा २०६४ सम्म शिक्षण पेशामा भूमिका निभाए।

विसं. २०६५ जेठ १९ गते पार्टीको महासचिव भएका उनी २०७२ मा मधेशी जनअधिकार फोरम नेपाल र संघीय समाजवादी पार्टी नेपाल एकीकरण भई गठन भएको संघीय समाजवादी फोरम नेपालको महासचिव भए । २०७५ मा संघीय समाजवादी फोरम नेपाल र नयाँ शक्ति पार्टी नेपाल एकीकरण भई गठन भएको समाजवादी पार्टीको महासचिव भए।

२०७६ मा समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टी (राजपा) बीच एकीकरण भई गठित जनता समाजवादी पार्टी नेपालको कार्यकारिणी समिति सदस्य भए । विसं२०६४ को पहिलो संविधान सभामा संविधान सभा सदस्य भएका उनी २०७४ र २०७९ को प्रतिनिधिसभामा बारा क्षेत्र नं. २ बाट निर्वाचित भए। पछि जनता समाजवादी पार्टी नेपालको संसदीय दलको नेतामा चयन भए। २०७८ मा वन तथा वातावरण मन्त्री भए । २०७९ चैत ३ गते उपराष्ट्रपतिमा विजयी भए। २०७९ चैत ६ गते उपराष्ट्रपतिको रुपमा पद तथा गोपनीयताको शपथग्रहण गरे।



**गौरी कुमारी यादव**
**उद्योगमन्त्री**

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको जिम्मेवारीमा गौरी कुमारी यादव छिन्।

प्रधानमन्त्री बालेन शाहले चैत २७ गते यादवलाई नियुक्त गरेका हुन् ।गौरी कुमारी यादव महोत्तरी–४ बाट निर्वाचित सांसद हुन् । उनी राष्ट्रिय स्वतन्त्र पार्टीबाट निर्वाचित भएकी हुन्।



**बालेन्द्र शाह (बालेन)**
**प्रधानमन्त्री**

बालेन्द्र शाह (जन्मः २०४७ वैशाख १४) लाई बालेन भनेर चिनिन्छ । यनीनेपाली राजनीतिज्ञ, स्ट्रक्चरल इन्जिनियर र ¥यापर हुन्। उनी विसं २०८२ चैत १३ गते नेपालको ४३औँ प्रधानमन्त्रीमा चुनिए । उनी प्रतिनिधि सभा निर्वाचन, २०८२मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को विजयपछि नेपालको प्रधानमन्त्री बनेका हुन् । उनी नेपालको पहिलो मधेशी मूलका प्रधानमन्त्री हुन्। उनले यसअघि २०७९ देखि २०८२ सम्म काठमाडौँ महानगरपालिकाको १५औँ नगर प्रमुखका रूपमा सेवा गरेका थिए, जुन पद सम्हाल्ने उनी पहिलो स्वतन्त्र उम्मेदवार थिए।

२०८२ माघमा उनले काठमाडौँको मेयर पदबाट राजीनामा दिँदै राष्ट्रिय स्वतन्त्र पार्टीमा प्रवेश गरी प्रतिनिधि सभा निर्वाचन, २०८२ पार्टीको प्रधानमन्त्री उम्मेदवारका रूपमा प्रतिस्पर्धा गरेका थिए।उनले झापा–५ मा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीलाई भारी मतले पराजित गर्दै आफ्नो पार्टीलाई ऐतिहासिक बहुमत दिलाउन सफल भए।

नरदेवी, काठमाडौँमा मधेशी परिवारमा जन्मिएका बालेनको पुख्यौली घर महोत्तरी जिल्लाको एकडारा गाउँपालिकामा पर्दछ । मामाघर धनुषा जिल्लाको जमुनिवास–४ मा पर्दछ।शाहका हजुरबुवा मुनिलाल शाह जमिन्दार थिए।उनको परिवार अहिले त्रिभुवन विमानस्थल नजिकै रहेको तीनकुनेको गैरीगाउँमा बस्छन्।

उनले ह्वाइट हाउस इन्स्टिच्युट अफ टेक्नोलोजीबाट सिभिल इन्जिनियरिङमा स्नातक र भारतको कर्नाटकमा विश्वेश्वरय्या प्राविधिक विश्वविद्यालयबाट स्ट्रक्चरल इन्जिनियरिङमा स्नातकोत्तर गरेका छन्। उनी आफ्नो पेशाको क्रममा देशका ६५ वटा जिल्ला भ्रमण गरेका छन्।

सानैदेखि बालेनको रुचि सङ्गीत र कवितामा थियो।उनले आफ्नो पहिलो गीत 'सडक बालक' विसं. २०६९ मा गाएका थिए र यो गीत उनले कक्षा ९ मा हुँदा लेखेका थिए।

¬याप र इन्जिनियरिङसँगै उनले नेपालको राजनीतिमा पनि रुचि राखे । विवेकशील र साझा पार्टी छुट्टिएको बेला उनी विवेकशील पार्टीसम्म पुगेर काठमाडौँको नगर प्रमुखको उम्मेदवारको रूपमा विवेकशीलबाट उठ्न चाहेका थिए।शाह सुरुमा विवेकशील पार्टीप्रति आकर्षित थिए।उनी त्यतिबेला गायकका रूपमा मात्र चिनिन्थे र विवेकशील पार्टीले उनलाई पार्टीमा आउन आग्रह गरेको थियो तर शाहले विवेकशीलको सदस्यता लिएनन्।उनले स्वतन्त्र उम्मेदवारको रूपमा चुनाव लड्ने तयारीमा लागेका थिए।

विसं. २०७९ वैशाखमा भएको स्थानीय तह निर्वाचनमा शाहले ९० हजार ८ सय ३५ मत ल्याएर चुनाव जित्ने दावी गरेका थिए।शाह २०७९ मा खसेको मतको ३८.६% मत प्राप्त गरी निर्वाचित भए । अहिले उनी प्रधानमन्त्रीका रुपका कार्यरत मात्रै छैनन्, संविधान संशोधनको मुद्दालाई निष्कर्षमा पुर्याउनु पर्ने, मध्यपूर्व तनावले देशमा बढेको अनेक संकट पार लगाउनु पर्ने चुनौतीमा डटिरहेका छन्।

सुशासन कार्यान्वयन, पुराना नेताहरुको सम्पत्ति छानबिन र युवा पुस्तालाई देशमा सम्भावना देखाउने उनको प्रमुख कार्यभार हो।



**रामजी यादव**
**श्रममन्त्री**

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको नेतृत्वमा चैत २७ गतेदेखि रामजी यादव छन्। सप्तरी निर्वाचन क्षेत्र नं. २ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य यादवलाई प्रधानमन्त्री बालेन्द्र साहले श्रममन्त्रीमा नियुक्त गरेका हुन् । १४ दिन मात्रै मन्त्री बनेर विवादमा परेपछि मन्त्री दीपक कुमार साहलाई हटाएर प्रधानमन्त्री शाहले यादवलाई जिम्मेवारी दिएका हुन् ।

सप्तरी–२ बाट निर्वाचित यादवले २८ हजार ४ सय ४ मत प्राप्त गरेका थिए। उनले जनमत पार्टीका अध्यक्ष सिके राउत तेस्रो स्थानमा पुर्याएका थिए। ३० वर्षीय यादव प्राविधिक पृष्ठभूमिबाट राजनीतिमा आएका युवा नेता हुन्। विद्युत इन्जिनियरिङमा स्नातक गरेका उनले नवीकरणीय ऊर्जा, कार्बन क्रेडिट तथा सार्वजनिक खरिद सुधारका क्षेत्रमा विशेष दक्षता हासिल गरेका छन्। उनी इजीवर्ल्ड इन्जिनियरिङ प्रालिका प्रबन्ध निर्देशकका रूपमा सात वर्षभन्दा बढी अनुभव बटुलेका व्यावसायिक प्राविधिक हुन्। स्थानीयस्तरमा सब–इन्जिनियरिङ कलेज स्थापना, राजविराजको फोहोर व्यवस्थापनका लागि प्रशोधन केन्द्रको पहल, राज रंगशाला खेलमैदानको पूर्वाधार निर्माण तथा राजविराज–९ मा स्वास्थ्यचौकी भवन निर्माणजस्ता विकास गतिविधिमा उनले भूमिका खेलेका छन् ।

यसैगरी दलित तथा मुसहर बस्तीमा सडक, कल्भर्ट र आवास पूर्वाधार विस्तारमा योगदान पु¥याउँदै उनले प्राविधिक ज्ञानलाई प्रत्यक्ष सेवा र विकाससँग जोड्ने प्रयास गरेका छन्।



**रहबर अन्सारी**
**समिति सभापति**

वैशाख ४ गते भएको प्रतिनिधिसभा अन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको निर्वाचनमा सभापतिमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद रहबर अन्सारी निर्वाचित भएका छन् । उनीनिर्विरोध निर्वाचित भएका हुन्।

सभापतिमा निर्वाचित भएपछि अन्सारीले संसदीय समितिको कार्यक्षेत्रभित्र रहेर जनताका समस्या समाधान गर्न आफू सक्रिय रहने प्रतिबद्धता व्यक्त गरेका छन्। उनी पर्साको भए पनि बारा–४ बाट नेकपा एमालेका युवा नेता कृष्णकुमार श्रेष्ठ किसानलाई पराजित गर्दै विजयी भएका हुन् । उनी २०७४ मा तत्कालीन नेकपा माओवादी केन्द्रबाट वीरगंज महानगरको मेयरका उम्मेदवार बनेका थिए । २०७९ मा मधेशमा प्रदेशसभा सांसद भएका थिए। पछि प्रदेश राज्यमन्त्री पनि बनेका थिए।

उनले मधेश प्रदेशका मुख्यमन्त्री जितेन्द्र सोनललाई विश्वासको मत दिने दिन मधेश प्रदेश सभामा आफू पार्टीको ह्विप मान्न र मत दिन बाध्य नभएको भन्दै अनुहारमा मोसो दलेका थिए। उनीसहित अर्का एक सांसदले मत नदिएपछि बाराकै मुख्यमन्त्री सोनलको सरकार ढलेको थियो । उनले प्रतिनिधि सभामा सांसदको शपथ खाने दिन पनि विद्यालयको पोशाक लगाएर अर्को स्टन्ट गरेका थिए। उनको स्टन्टबाज अब कति बदलिन्छ या टिक्छ, प्रतीक्षाको विषय बनेको छ।

## त्रिभुवन राजपथ अन्तर्गत सडकखण्ड
# २५/२५ मिटरसम्मका संरचना हटाउने कार्य आजदेशि सुरु

मधेशदृष्टि
वीरगंज।

त्रिभुवन राजपथ अन्तर्गत सिर्सिया मितेरी पुलदेखि बहुअरी गण्डक चोकसम्मको सडक क्षेत्रमा सडक सीमा मुक्त गर्ने अभियानको तयारी अन्तिम चरणमा पुगेको छ । उक्त क्षेत्रमा सडक खण्डको केन्द्रविन्दुबाट दायाँ–बायाँ २५÷२५ मिटर क्षेत्रभित्र रहेका घर, पसल तथा अन्य संरचनाहरू हटाउने कार्य आइतवार विहानबाट सुरु हुने भएको हो।



निर्धारित २५ मिटर सडक क्षेत्रभित्र पर्ने सम्पुर्ण संरचना तथा पसल हटाउन सम्बन्धित पक्षलाई निर्देशन दिइसकिएको सडक डिभिजन कार्यालय हेटौंडाका नायव सुब्बा राजकुमार अर्यालले बताउनु भएको छ । सम्बन्धीत र सरोकारवला सवै पक्षलाई जानकारी गराउनका लागि स्थगत माईकिंग तथा समाचार माध्यम र सामाजिक सञ्जालबाट समेत सुचना प्रवाहगर्ने प्रकृपया पुरा गरेको छ।

डिभिजन कार्यालयले जारी गरेको अत्यन्त जरुरी सूचनाअनुसार, सडक सीमा क्षेत्र भित्रको घर, होटल, लजमा कोही नबस्न, नबसाउन अपिल गरेको छ। सडक सिमा अतिक्रमण हटाउने उद्देश्यले सञ्चालन हुन लागेको यस अभियानका लागि जिल्ला स्थित सम्पुर्ण सुरक्षा तयारी पुरा भएको पर्साका प्रमुख जिल्ला अधिकारी भोला दहालले बताए । सडक

बाँकी पृष्ठ २ मा



# व्याहुत कलवार सेवा समितिको युवा मञ्चमा नयाँ नेतृत्व



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धर्म संस्था व्याहुत कलवार सेवा समिति जनकपुरधाम अन्तर्गतको युवा मञ्चमा नयाँ कार्यसमिति मनोनयन गरिएको छ ।

हालै गरिएको संगठनात्मक निर्णयअनुसार युवा मञ्चको अध्यक्षमा अमित साह, महासचिवमा विकास साह र कोषाध्यक्षमा राजेश कुमार साह चयन भएका छन् । समितिका अन्य पदाधिकारी तथा सदस्यहरू पनि मनोनयन गरिएको जनाइएको छ, जसले संगठनको आगामी गतिविधिलाई थप गतिशील बनाउने अपेक्षा गरिएको छ । नवगठित कार्यसमितिले संस्थालाई अझ सशक्त, सक्रिय र सेवामुखी बनाउने प्रतिबद्धता व्यक्त गरेको छ । नयाँ नेतृत्वले सामाजिक एकता, सहकार्य र उत्तरदायित्वलाई प्राथमिकतामा राख्दै युवाहरूलाई संगठनात्मक अभियानमा जोड्ने लक्ष्य लिएको जनाएको छ । कार्यकालभर सामाजिक सेवा, सांस्कृतिक कार्यक्रम तथा संगठन सुदृढीकरणलाई मुख्य प्राथमिकतामा राखिने पनि नवनेतृत्वले स्पष्ट पारेको छ ।

# नेपाल र भारतका स्रष्टाहरुलाई सम्मान

**मधेशदृष्टि**
**वीरगंज ।**
भोजपुरी भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण तथा प्रवद्र्धनमा योगदान पु¥याएका नेपाल र भारतका स्रष्टाहरूलाई वीरगंजमा सम्मान तथा पुरस्कार प्रदान गरिएको छ । भोजपुरी प्रतिष्ठान वीरगंज द्वारा आयोजित कार्यक्रममा विभिन्न विधामा योगदान गरेका साहित्यकार र कलाकारहरूलाई पुरस्कृत गरिएको हो ।

कार्यक्रममा 'पण्डित दीपनारायण मिश्र अन्तर्राष्ट्रिय पुरस्कार–२०८२' भारतको झारखण्ड राज्य राँची निवासी भोजपुरी साहित्यकार कनक किशोर लाई प्रदान गरिएको छ । त्यस्तै 'उमाशंकर द्विवेदी राष्ट्रिय पुरस्कार–२०८२' बाराको कलैया निवासी साहित्यकार राम प्रसाद साह लाई प्रदान गरियो भने 'भोजपुरी राष्ट्रिय प्रतिभा पुरस्कार–२०८२' वीरगंजका डा. शशीभूषण बर्णवाल लाई प्रदान गरिएको छ ।

यसैगरी साहित्यकार मोतीउर रहमान, विक्रम साह, सञ्चारकर्मी प्रतिमा चौधरी, कलाकार गणेश परियार, लोकगायिका लालमुनी देवी तथा चित्रकार रोशन कुमार कलवारलाई पनि सम्मान गरिएको छ ।



कार्यक्रममा वीरगन्ज महानगरपालिकाका मेयर राजेशमान सिंह ले दोसल्ला ओढाएर कदरपत्र र नगद राशीसहित सम्मान प्रदान गरेका थिए ।

प्रतिष्ठानकी अध्यक्ष अनिता साहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मधेस विश्वविद्यालय का उपकुलपति प्रा. डा. दीपक शाक्यको विशेष आतिथ्य थियो ।

# छुट्टाछुट्टै तीन स्थानमा रक्तदान कार्यक्रम १३२ जनाले गरे रगतदान

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजका विभिन्न तीन स्थानमा सम्पन्न छुट्टाछुट्टै रक्तदान कार्यक्रममार्फत कुल १३२ जनाले रक्तदान गरेका छन् । दुर्गा पूजा समिति रानीघाटद्वारा आयोजित २६ औँ खुला रक्तदान कार्यक्रम समितिका अध्यक्ष शतिस सिंह राजपुतको अध्यक्षतामा सम्पन्न भएको हो । उक्त कार्यक्रममा ५८ पुरुष र ४ महिला गरी ६२ जनाले रक्तदान गरेका थिए । यसैगरी, युवा जागरूक समाज, नेपालद्वारा नारायणी अस्पताल परिसरमा आयोजित रक्तदान कार्यक्रममा २५ पुरुष र ७ महिला गरी ३२ जनाले रक्तदान गरेका छन् । कार्यक्रममा वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंह प्रमुख अतिथिका रूपमा सहभागी थिए ।त्यस्तै, सशस्त्र प्रहरी बल नं. १३ गण वीरगंजमा आयोजित अर्को रक्तदान कार्यक्रममा ३८ जनाले रक्तदान गरेका थिए । तीनवटै कार्यक्रमबाट संकलित रगतले आपतकालीन अवस्थामा रहेका बिरामीहरूको जीवन रक्षा गर्न महत्वपूर्ण सहयोग पुग्ने विश्वास गरिएको छ ।

# परवानीपुर गोल्डकपः शक्ति युवा क्लबको धमाकेदार सुरुवात

**मधेशदृष्टि**
**कलैया ।**
पाँचौं परवानीपुर गोल्डकप फुटबल प्रतियोगिताको उद्घाटन खेलमा आयोजक शक्ति युवा क्लबले शानदार प्रदर्शन गर्दै फराकिलो जितका साथ प्रतियोगिताको सुरुवात गरेको छ । शनिबार परवानीपुर खेल मैदानमा सम्पन्न खेलमा शक्ति युवा क्लबले भारतको यंग स्टार क्लब बिहारलाई ५–० गोल अन्तरले पराजित गर्दै आफ्नो दबदबा देखाएको हो ।

खेलको तेस्रो मिनेटमै कप्तान सन्दीप यादवले गोल गर्दै टोलीलाई अग्रता दिलाएका थिए । सुरुदेखि नै दबाबमा परेको यंग स्टार क्लबले सातौं मिनेटमै दोस्रो गोल खायो, जुन पुनः सन्दीप यादवकै नाममा रह्यो । पहिलो हाफ सकिँदासम्म शक्ति युवा क्लबले दुई गोलको सुरक्षित अग्रता बनाएको थियो ।

दोस्रो हाफमा पनि आयोजक टोलीले आफ्नो आक्रामक खेल जारी राख्यो । खेलको ५३औं मिनेटमा आशिष थिङ्ले तेस्रो गोल गर्दै अन्तर बढाए । त्यसपछि ६२औं मिनेटमा सन्दीप यादवले व्यक्तिगत ह्याट्रिक पूरा गर्दै चौथो गोल गरे । लगत्तै ६४औं मिनेटमा सन्दीप क्षेत्रीले अर्को गोल थप्दै खेललाई ५–० को एकतर्फी नतिजामा पु¥याए ।

उत्कृष्ट प्रदर्शन गरेका कप्तान सन्दीप यादव 'म्यान अफ दि म्याच' घोषित भए र उनले २ हजार १०० रुपैयाँ नगद पुरस्कार प्राप्त गरे । उक्त पुरस्कार भेट्रान सिटी क्लबका अध्यक्ष सबिन बस्नेतले प्रदान गरेका थिए । प्रतियोगिताअन्तर्गत आइतबार निजगढ फुटबल क्लब, निजगढ र वीरगंज युथ एकेडेमी, वीरगंजबीच प्रतिस्पर्धा हुने तालिका रहेको छ ।




आयोजक क्लबका अध्यक्ष सुबोध श्रीवास्तवको अध्यक्षतामा सम्पन्न उद्घाटन समारोहमा परवानीपुर गाउँपालिकाका अध्यक्ष रामक्षत्री प्रसाद कुर्मीले प्रतियोगिताको औपचारिक उद्घाटन गरेका थिए ।

एक सातासम्म सञ्चालन हुने प्रतियोगितामा भारतबाट एक तथा नेपालका सात गरी जम्मा आठ टोलीको सहभागिता रहने सह–संयोजक दिपक यादवले जानकारी दिए ।

प्रतियोगितामा विजेताले २ लाख रुपैयाँ र उपविजेताले १ लाख रुपैयाँ नगद पुरस्कार प्राप्त गर्नेछन् । साथै उत्कृष्ट डिफेन्डर, फरवार्ड र प्रत्येक खेलका उत्कृष्ट खेलाडीलाई पनि नगद पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ । प्रतियोगिताभरकै उत्कृष्ट खेलाडीलाई ५ हजार १०० रुपैयाँ नगद दिइने अध्यक्ष श्रीवास्तवले बताए ।

उद्घाटन कार्यक्रममा नेकपा एमालेका नेता रामपाल यादव, वीरगंज महानगरपालिका–२१ का वडाध्यक्ष राधाकृष्ण साह रौनियार, समाजसेवी नागमणी उपाध्याय, विजय गुप्तालगायत अतिथिहरूको उपस्थिति रहेको थियो ।

# चैत महिनामा अपराध नियन्त्रणका गतिविधि उल्लेख्य



मधेशदृष्टि
सर्लाही ।
जिल्ला प्रहरी कार्यालय सर्लाहीले चैत महिनाको प्रगति विवरण सार्वजनिक गर्दै जिल्लामा अपराध नियन्त्रणका गतिविधि उल्लेख्य रहेको जनाएको छ । एक महिनाको अवधिमा १३२ वटा अपराध दर्ता हुँदा ९६ जना प्रतिवादी पक्राउ परेका छन् ।

प्रहरीका अनुसार ज्यानसम्बन्धी, चोरी, सामाजिक तथा सवारी ज्यानसँग सम्बन्धित मुद्दाहरू बढी दर्ता भएका छन् ।

बैंकिङ कसुर, जुवातास, ठगी र हातहतियार सम्बन्धी गम्भीर प्रकृतिका ३५ मुद्दा समेत दर्ता भएका छन् । अनुसन्धानतर्फ प्रहरीले सक्रियता देखाउँदै १५ वटा पेण्डिङ मुद्दा फछ्र्योट गरेको जनाएको छ ।

फैसला कार्यान्वयन अन्तर्गत ५ जना पक्राउ परेका छन् भने उनीहरूबाट ८ वर्ष ४ महिना कैद र २० हजार रुपैयाँ जरिवाना असुल गरिएको छ ।

सामाजिक पक्षमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सम्बन्धी ६८ उजुरी परेकोमा २६–४० वर्ष उमेर समूहका पीडित बढी रहेको देखिएको छ । हराएका ३२ जनामध्ये १६ जना फेला पारिएका छन् भने बाँकीको खोजी जारी छ । घरेलु हिंसाका ३६ उजुरीमध्ये २२ वटा मिलापत्र गरिएको प्रहरीले जनाएको छ ।

# सुशासन र समृद्धिका लागि सरकारले काम गरिरहेको छः परराष्ट्रमन्त्री

**काठमाडौँ ।**
परराष्ट्रमन्त्री शिशिर खनालले सुशासन र समृद्धिका लागि सरकारले काम गरिरहेको बताएका छन् । गोँगबु आवास क्षेत्र सुधार समितिले शनिबार आयोजना गरेको 'नयाँ वर्ष–२०८३ को शुभकामना आदानप्रदान तथा चियापान' कार्यक्रममा उनले त्यसका लागि सरकारले आवश्यक काम गर्न सुरु गरिसकेको बताए ।

मन्त्री खनालले भने, 'जनताले राष्ट्रिय स्वतन्त्र पार्टीलाई मत दिएर परिवर्तनको बाटो रोजेका छन्, वर्तमान सरकारले यसलाई खेर फाल्दैन । रास्वपाले वाचापत्रमा उल्लेख गरेअनुसार सुशासन र समृद्धिलाई मुख्य प्राथमिकतामा राखेर काम गर्छौं ।'

उनले भ्रष्टाचार नियन्त्रण सरकारको उच्च प्राथमिकतामा रहेकाले मन्त्रिपरिषद्को बैठकले विसं २०६२ पछि उच्च ओहोदामा बसेका व्यक्तिको सम्पत्ति छानबिन गर्न समिति गठन गरिएको उल्लेख गरे । परराष्ट्रमन्त्री खनालले जनतालाई सहज रूपमा सेवा, सुविधा प्रदान गर्नका लागि सरकारले रातदिन नभनी काम गरिरहेको बताए ।

'हामीले जनताले परिवर्तनको अनूभूति गर्नेगरी काम गरिरहेका छौँ ।

देशभित्र मात्रै होइन, विदेशमा रहेका नेपाली नागरिकलाई पनि सुरक्षित राख्नका लागि सरकारले काम गरिरहेको छ', उनले भने, 'आर्थिक समृद्धि र रोजगारी सिर्जना गर्न सरकारले विशेष ध्यान दिन्छ । सहज ढङ्गले व्यापार व्यवसाय गर्ने वातावरण बनाउँछ ।' काठमाडौँ क्षेत्र नं ६ का प्रतिनिधिसभा सदस्यसमेत रहनुभएका मन्त्री खनालले आफ्नो क्षेत्रभित्रको खानेपानी, ढल, सडकलगायत समस्या समाधानका लागि पनि निरन्तर लाग्ने प्रतिबद्धता व्यक्त गरे । रासस

# त्रिभुवन राजपथ अन्तर्गत...

सीमा क्षेत्र खाली गराउने अभियान आइतवार विहानैबाट सुरु हुने प्रजिअ दाहलले जानकारी गराएका छन् ।सो क्षेत्रमा बसोबास गर्दै आएका व्यक्तिहरूलाई घर खाली गर्न र सुक्षित रुपमा हटाउन पनि उनले आग्रह गरे।

यता वीरगंजका व्यवासायीहरू भने आकस्मिक सुचना भन्दै अन्यौलमा परेकाछन् । सडक सीमा फराकिलो पार्ने बारे यस अघि कुनै जानकारी नआएको र अहिले पर्याप्त समय विना नै तोडफोड हुने सुचनाले एक किसिमको आतंक सृजना गरको व्यावासायीहरूको भनाई छ । मुख्य सडकको सामान्य घर पसलमा पनि करोडौंको सम्पती रहेको हुँदा नागरिकको उक्त धन, सम्पति सुरक्षित गर्ने समय समेत नहुने गरि सुचना प्रवाहा गर्नु न्यायोचित नहुने वीरगंज मुख्य सडकका व्यावासायीहरूको भनाई छ।

यस सम्बन्धमा उनीहरूसंग सम्बन्धीत विभिन्न संघ÷संस्था तथा प्रतिनिधीहरूले सुरक्षा निकाय र सरकारको सम्बन्धीत तहसम्म कुरा थालेका छन् । वितेको डेढ दशक देखि यस किसिमको सुचना पटक–पटक आएको हो । यस पटकको सुचना कार्यन्वयन कै लागि हो कि दहसतको लागि मात्रै हो भन्नेमा सर्वसाधरण अलमलमा परेका छन्।

समाचार स्रोतका अनुसार सडक सिमा खाली गर्र्न अभियान टोली शनिवार दिउँसो देखि नै तयारी अवस्थमा छ । सडक अतिक्रमण मुक्त गराउन वीरगंज महानगरपालिका, जिल्ला स्थित सुरक्षा निकाय, सडक विभाग गृहमन्त्रलय विच समन्वय भइसकेको छ।

सडक फराकिलो पारिने क्षेत्रमा सादा पोसाकको सुरक्षाकर्मी परिचालन, नागरिक समन्वयलगायतका कामहरू भइसकेका छन् भने सुरक्षा सतर्कता बढाइएको छ । समाचार स्रोतका अनुसार आइतवार विहान वीरगंज महानगरको विभिन्न पाँच स्थानबाट सडक अतिक्रमण हटाउने कार्य एकै साथ सुरु हुने छ ।सो को निम्ति आश्यक मेसिन उपकर, जनशक्ति तयार भइसकेको छ।

सडक डिभिजन कार्यालयले जारि गरेको सुचनामा सडक सीमा क्षेत्रभित्र रहेका आ–आफनो नीजि संरचना सुरक्षित रूपमा हटाउन आग्रह गरिएको छ । सडक डिभिजनले उक्त अभियानमा सहयोग गर्न सर्वसाधारण तथा सरोकारवालासँग अपिल पनि गरेको छ।

त्रिभुवन राजपथ अन्तर्गतपर्ने गण्डकचोकदेखि पावर हाउसचोक, घण्टाघरचोकदेखि–आर्दशनगर, रजतजयन्तीचोक, शङ्कराचार्यगेट हुदैँ मितेरी पुलसम्मको मुख्य सडक फराकिलो हुनेछ । सडक विभागले धैरे पहिले यस तर्फ थालनी गरेको भएता पनि विभिन्न पक्षबाट अदालतमा रिट परेको कारण काम अगाडि बढन सकेको थिएन । वितेको बर्ष सर्वोच्च अदालतले ती रिटहरू खारेज गर्दै सडक फराकिलो पार्ने मार्ग प्रसस्त गरिदिएको थियो । केही दिन पहिले सर्वोच्चको उक्त फैसलाको पूर्ण पाठ समेत सार्वजनिक दिइसकेको छ।

पछिल्लो पटक २०७६ सालमा वीरगञ्जका छुट्टाछुट्टै पाँच घरधनी निवेदकले वीरगञ्जको मेनरोड खण्डमा सडकको दायाँबायाँ २५–२५ मिटरको विस्तार गर्न नहुने भन्दै सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । वीरगञ्ज महानगरका लक्ष्मण साह रौनियारले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाएर २०७६ सालमा सडक विस्तार रोक्नुपर्ने माग राख्दै रिट दायर गरेका थिए। अन्य निवेदकहरूले पनि फरक–फरक मितिमा सडक विस्तार विरुद्धमा रिट दायर गरे।

२०८१ साल फागुन २८ गते सर्वोच्चका न्यायाधीशद्वय विनोद शर्मा र महेश शर्मा पौडेलको संयुक्त इजलासले विभिन्न समयका पाँचवटा रिट खारेजको फैसला सुनाएको हो। यसले डिभिजन सडक कार्यालय लाई वीरगञ्ज मेनरोड खण्डको सडक दायाँबायाँ २५–२५ मिटर चौडा गर्ने बाटो खुलेको हो।

समाचार स्रोतका अनुसार आइतवार विहान वीरगंजको विभिन्न पाँच स्थानबाट सडक अतिक्रमण हटाउने कार्य सुरु हुने छ । सो को निम्ति आश्यक मेसिन उपकर, जनशक्ति तयार भइसकेको छ। फराकिलो पार्न आवश्यक सुरक्षित रूपमा हटाउन आग्रह गरिएको छ । त्यसैगरी, होटल, लज तथा अतिथि गृह सञ्चालकहरूलाई समेत पाहुना नराख्न अनुरोध गरिएको छ । सडक डिभिजनले आइतबारदेखि कार्यान्वयनमा ल्याइने उक्त अभियानमा सहयोग गर्न सर्वसाधारण तथा सरोकारवालासँग अपिल गरेको छ।

यसैविच जिल्ला प्रशासन कार्याल पर्सामा शनिबार दिउँसो सम्बन्धीत र सरोकारवला पक्षहरू सम्मिलीत बैठक सम्पन्न भएको छ। बैठकमा वीरगंज महानगरका मेयार, प्रतिनिधीसभाका सदस्यहरू, सुरक्षा निकायका प्रमुख, उद्योगी व्यापारिका प्रतिनीधि एवं नागरिक अगुवाहरूको सहभागिता थियो । बैठक पछि पर्साका प्रमुख सहायक प्रमुखस जिल्ला अधिकारी विनोद कुमार पोखरेलले एक सुचना जारि गर्दै आईतवार विहान ४:३० बजे भन्दा पहिले नै सडक सीमा क्षेत्र खाली गर्न सम्बन्धीत सवैलाई सुचित गरेका छन्।

# महोत्तरीमा टेम्पुमाथि रुख ढल्यो दुईको मृत्यु, तीन घाइते

**मधेशदृष्टि**
**महोत्तरी।**
महोत्तरीमा शनिबार साँझ भएको एक दर्दनाक दुर्घटनामा यात्रुवाहक टेम्पुमाथि रुख ढल्दा दुई जनाको ज्यान गएको छ भने तीन जना घाइते भएका छन्।

जलेश्वर नगरपालिका–९ स्थित परिकौली ब्यारेक नजिक जलेश्वरबाट जनकपुरतर्फ जाँदै गरेको टेम्पुमाथि अचानक आएको हावाहुरीका कारण सपेताको रुख ढलेको थियो। उक्त घटनामा टेम्पुमा सवार पाँच जना घाइते भएका थिए । घाइतेमध्ये दुई जनाको प्रादेशिक अस्पताल जलेश्वरमा उपचारका क्रममा मृत्यु भएको हो । मृतकहरूमा एक महिला र एक पुरुष रहेका छन्, तर उनीहरूको पहिचान खुल्न बाँकी छ । दुर्घटनामा गम्भीर घाइते भएका टेम्पु चालकलाई थप उपचारका लागि अन्यत्र रिफर गरिएको प्रहरीले जनाएको छ ।



अन्य दुई जना घाइतेहरूको प्रादेशिक अस्पताल जलेश्वरमै उपचार भइरहेको छ।

घटनासम्बन्धी थप विवरण आउन बाँकी रहेको प्रहरीले जानकारी दिएको छ।

# प्रक्रिया मिचेर शिक्षक भर्नाको प्रयास

# गोलबजारको जनता माविको विज्ञापन रोकियो







**मधेशदृष्टि**
**सिरहा।**
जनता माध्यमिक विद्यालय चन्द्रालपुर, गोलबजार नगरपालिका–८ ले ठूलो संख्यामा शिक्षक तथा कर्मचारी भर्नाका लागि निकालेको विज्ञापन नगरपालिकाले स्थगित गरेको छ।

नगरपालिकाको शिक्षा शाखाले आवश्यक कानुनी प्रक्रिया पूरा नगरी विज्ञापन प्रकाशित गरिएको निष्कर्ष निकाल्दै थप प्रक्रिया अघि नबढाउन निर्देशन दिएको हो । प्रमुख प्रशासकीय अधिकृत तथा शिक्षा शाखा प्रमुख अनन्त पौडेलका अनुसार शिक्षक भर्ना जस्तो संवेदनशील विषयमा नगरपालिका र शिक्षा विकास तथा समन्वय इकाइसँग अनिवार्य समन्वय तथा स्वीकृति लिनुपर्ने व्यवस्था छ । तर विद्यालयले सो प्रावधान उल्लंघन गर्दै एकतर्फी रूपमा विज्ञापन निकालेको पाइएपछि रोक लगाइएको उनले बताए।

विद्यालयले गत चैत ३० गते एक साताको म्याद राख्दै १५ जना शिक्षकसहित कार्यालय सहयोगी र बस चालक गरी १७ पदका लागि आवेदन आह्वान गरेको थियो । तर आवश्यक स्वीकृति नलिई प्रक्रिया अघि बढाइएकाले उक्त विज्ञापन तत्काल प्रभावबाट स्थगित गरिएको हो।

शिक्षा शाखाले विद्यालयसँग 'कुन निकायको अनुमतिमा विज्ञापन निकालिएको हो ?' भन्ने विषयमा लिखित स्पष्टीकरणसमेत माग गरेको छ । यसबारे विद्यालयका प्रधानाध्यापक ब्रह्मदेव सिंहले भने विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार आन्तरिक कार्यविधि पालना गरेर विज्ञापन गरिएको दाबी गरेका छन्।

उनका अनुसार निजी स्रोतबाट करार वा ज्यालादारीमा राखिने शिक्षकका लागि अनिवार्य रूपमा अध्यापन अनुमतिपत्र आवश्यक नपर्ने व्यवस्था रहेको छ । तर प्रचलित शिक्षा नियमावलीले शिक्षण पेशामा संलग्न हुन अध्ययन÷अध्यापन अनुमतिपत्र अनिवार्य गरेको प्रावधान स्पष्ट रूपमा उल्लेख गरेको छ।

यसअघि पनि सो विद्यालयमाथि प्रक्रिया मिचेर व्यक्तिगत प्रभावमा नियुक्ति गरिएको आरोप लाग्दै आएको थियो । स्थानीयवासीले नयाँ विज्ञापन पुराना व्यक्तिहरूलाई मिलाउनकै लागि ल्याइएको हुनसक्ने आशंका व्यक्त गरेका छन्।

प्रधानाध्यापक सिंहले भने अब नगरपालिकासँग छलफल गरेर अगाडि बढ्ने बताएका छन् । 'हामीले कार्यविधिअनुसार नै काम गरेका हौं, अब बिदापछि नगरपालिकासँग समन्वय गरेर आवश्यक निर्णय लिन्छौं,' उनले बताए।

# सीमानाकामा कडाइ हुँदा सर्वसाधारण सास्तीमा

# 'रोटी–बेटी' सम्बन्धमै असरको चिन्ता



**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल–भारत खुला सीमाअन्तर्गत पर्सासहित विभिन्न नाकाहरूमा भन्सार प्रशासन र सुरक्षा निकायको कडाइ बढेपछि तराई–मधेश क्षेत्रका सर्वसाधारण दैनिक जीवनमै हैरानी खेप्न बाध्य भएका छन् । सरकारले १०० रुपैयाँभन्दा बढी मूल्यका सामानमा अनिवार्य रूपमा भन्सार शुल्क तिर्नुपर्ने नियम कडाइका साथ कार्यान्वयनमा ल्याएपछि साना किनमेलदेखि घरायसी प्रयोजनका सामग्री ल्याउने नागरिक प्रत्यक्ष प्रभावित बनेका छन्।

पहिले अनौपचारिक रूपमा पाइँदै आएको छुट हटाइएपछि सप्तरीदेखि पर्सासम्मका सीमावर्ती नाकाहरूमा सर्वसाधारणले थप झन्झट र आर्थिक बोझ व्यहोर्नुपरेको गुनासो बढेको छ । राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र साह नेतृत्वको सरकारले ल्याएको उक्त व्यवस्था तथा भारतीय नम्बर प्लेटका सवारी साधनमाथि लगाइएको प्रतिबन्धका कारण मधेशका जिल्लाहरूको दैनिकीमै असर परेको स्थानीयहरूको भनाइ छ।

काठमाडौँ केन्द्रित निर्णयले मधेशको भुइँतहको वास्तविकतालाई बेवास्ता गरेको भन्दै राजनीतिक दल, नागरिक अगुवा र स्थानीयवासीबीच असन्तुष्टि चुलिँदै गएको छ । सीमानाकाहरूमा पछिल्लो समय असामान्य र तनावपूर्ण अवस्था देखिन थालेको छ । जटही नाका हुँदै विवाहका लागि आवश्यक सामग्री ल्याउँदै गरेकी एक महिलालाई सुरक्षाकर्मीले भन्सार तिर्न बाध्य बनाएपछि उनी भारततर्फै अलपत्र परेको घटना सार्वजनिक भएको छ, जसले सर्वसाधारणको समस्या थप प्रस्ट पारेको छ।

नेपाल–भारतबीच सदियौँदेखि कायम धार्मिक, सांस्कृतिक तथा पारिवारिक सम्बन्ध 'रोटी–बेटी'का रूपमा परिचित छन् । तर हालको कडाइले यस्ता परम्परागत सम्बन्धमा समेत असर पर्ने चिन्ता व्यक्त हुन थालेको छ । यसबीच, सरकारको नीतिप्रति विभिन्न तहबाट आलोचना पनि बढ्दो क्रममा रहेको छ।




यता नेपाल–भारत सीमावर्ती क्षेत्रमा सामान्य उपभोग्य वस्तुहरूमा समेत भन्सारका नाममा कडाइ गरिँदै आएको विषयप्रति लायन्स क्लब अफ पोखरियाले गम्भीर असन्तुष्टि जनाएको छ । क्लबका अध्यक्ष नेजामुद्दीन शमानीद्वारा जारी विज्ञप्तिमा सीमावर्ती नागरिकहरूले व्यक्तिगत प्रयोजनका लागि करिब सय रुपैयाँ बराबरका सामान ल्याउँदा समेत भन्सार प्रक्रियामा अनावश्यक झन्झट र हैरानी खेप्नुपरेको उल्लेख गर्दै आक्रोश व्यक्त गरिएको छ।

यस्तो अव्यवहारिक नीतिले सर्वसाधारणमा 'अघोषित नाकाबन्दी'को अनुभूति गराइरहेको दाबी विज्ञप्तिमा गरिएको छ । नेपाल–भारतबीचको खुला सीमा केवल आवतजावतको माध्यम मात्र नभई सामाजिक, सांस्कृतिक र पारिवारिक सम्बन्धको महत्वपूर्ण आधार रहेको उल्लेख गर्दै अध्यक्ष शमानीले यस्तो कडाइले दुई देशबीचको ऐतिहासिक मित्रता, आपसी विश्वास र सद्भावमा समेत नकारात्मक प्रभाव पार्न सक्ने चेतावनी दिएका छन्।

'सीमावर्ती बासिन्दाको दैनिकी साना किनमेल र पारिवारिक आवतजावतमा आधारित हुन्छ, यस्तो अवस्थामा राज्यले उनीहरूको सहज जीवनलाई बेवास्ता गर्नु उचित हुँदैन,' उनले बताएका छन् । यसैबीच, लायन्स क्लब अफ पोखरियाले सरोकारवाला निकायसमक्ष तीन बुँदे माग अघि सारेको छ । क्लबले व्यक्तिगत प्रयोजनका साना सामानमा लगाइएको अनावश्यक भन्सार कडाइ हटाउन, सीमावर्ती नागरिकको जीवनशैलीअनुसार जनमैत्री नीति लागू गर्न तथा सीमामा खटिएका कर्मचारीहरूको व्यवहार सुधार गरी सेवामुखी वातावरण सुनिश्चित गर्न माग गरेको छ।

नागरिकलाई सम्मानजनक र सहज जीवनयापन सुनिश्चित गर्नु राज्यको प्रमुख दायित्व भएकाले यस विषयमा तत्काल ध्यान दिन क्लबले सम्बन्धित निकायको ध्यानाकर्षण गराएको छ।

# शिक्षण प्रणालीमा सुधारको माग गर्दै

# धर्मेन्द्र कर्णको आमरण अनसन बस्ने तयारी



**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधामका धर्मेन्द्र कुमार कर्णले शिक्षण प्रणालीमा सुधार र अर्थतन्त्रको लागत घटाउने आफ्नो प्रस्ताव कार्यान्वयनमा देखिएका अवरोध हटाउन माग गर्दै सत्याग्रह आमरण अनसनको तयारी गरेका छन् । उनले वैशाख ६ गतेदेखि जनकचौकमा अनसन बस्ने घोषणा गरेका हुन्।

कर्णका अनुसार आफूले विकास गरेको परिमार्जित शिक्षण विधिले माध्यमिक तहमा गुणस्तरीय शिक्षा सुनिश्चित गर्नुका साथै समग्र आर्थिक भार घटाउन सहयोग पु¥याउने विश्वास गरिएको छ । तर, उक्त अवधारणालाई कार्यान्वयन गर्न आवश्यक पुँजीगत कोष व्यवस्थापनमा समस्या देखिएको र संघीय तथा प्रदेश सरकारबाट अपेक्षित सहयोग नपाएको उनको गुनासो छ।

उनले हालै सार्वजनिक संघीय सरकारको राष्ट्रिय प्रतिबद्धता पत्रमा आफ्ना माग सम्बोधन हुन सक्ने संकेत देखिएको उल्लेख गर्दै विश्वसनीय प्रतिक्रिया आए अनसन स्थगित गर्न सकिने बताएका छन् । 'यदि स्पष्ट र भरोसायोग्य जवाफ आयो भने अनसन बस्ने कार्यक्रम रोक्न तयार छु,' उनले बताएका छन् । यसैक्रममा उनले जिल्ला प्रशासन कार्यालय धनुषा मार्फत प्रधानमन्त्री बालेन्द्र शाहलाई सम्बोधन गर्दै पत्र पठाएका छन् र अनसनका लागि औपचारिक अनुमति पनि माग गरेका छन्।

कर्णले अघि सारेका मुख्य मागहरूमा मध्यमिक तहको शिक्षा सुधार तथा लागत घटाउने प्रस्तावप्रति प्रदेश सरकारको धारणा सार्वजनिक गर्नुपर्ने, निजी क्षेत्रबाट गरिएका सुधार प्रयासमा देखिएका अवरोध हटाउनुपर्ने, सञ्चार क्षेत्रसँग सम्बन्धित कथित नीतिगत अनियमिततामाथि छानबिन गर्नुपर्ने, जनगुनासोमा ४८ घण्टाभित्र प्रारम्भिक प्रतिक्रिया सुनिश्चित गर्नुपर्ने र जानकी मन्दिर लगायत धार्मिक स्थलसँग जोडिएका जग्गा समस्याको समाधान गर्नुपर्ने विषय समेटिएका छन् ।हालसम्म जिल्ला प्रशासन कार्यालयले उनको निवेदनमाथि कुनै औपचारिक निर्णय सार्वजनिक गरेको छैन । यस्तो अवस्थामा कर्णको घोषणा अनुसार अनसन कार्यक्रम अगाडि बढ्ने कि नबढ्ने भन्ने विषयमा अनिश्चितता कायमै रहेको छ।

# आधा सिलिण्डर ग्यास विक्रीको निर्णय

# बिजुलीमा खाना पकाउने प्रवृत्ति बढ्दै



**मधेशदृष्टि**
**वीरगंज।**
आधा सिलिन्डर बिक्री गर्ने सरकारी निर्णय र बिजुलीमा खाना पकाउने प्रवृत्ति बढ्दा ग्यास उद्योगमा सिलिन्डर थन्किन थालेका छन् । अर्कोतिर बजारमा पहिले नै धेरै सिलिन्डर गइसकेकाले बुलेटबाट ग्यास 'रिफिल' गर्न नपाएको उद्योगीले जनाएका छन्।

आधा तौल (७.१ केजी) को सिलिन्डर भर्न थालेपछि सिलिन्डर कम भएर ग्यास बुलेटमा थन्किन थालेका हो । ग्यास आपूर्ति नियमित हुन थालेपछि आयात पनि घटेको छ । नेपाल आयल निगमका अनुसार सामान्य अवस्थामा बजारमा मासिक ४५ हजारदेखि ४८ हजार मेट्रिक ग्यासको माग रहेकोमा १५ दिनको अवधिमा बजारमा १८ हजार मेट्रिक टन मात्र ग्यास आयात भएको छ।

# प्रशोधिन पिउने पानीको मूल्य वृद्धि

**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल पानी उद्योग महासंघले प्रशोधित पिउने पानीको मूल्य वृद्धि गर्ने घोषणा गरेको छ । उत्पादन लागत उल्लेख्य रूपमा बढेपछि पुरानै मूल्यमा उद्योग सञ्चालन गर्न नसकिने भन्दै महासंघले यस्तो निर्णय लिएको हो । महासंघले जारी गरेको विज्ञप्ति अनुसार पानी उद्योगमा प्रयोग हुने बोतल, क्याप, ¥यापिङ रोल, जार तथा जार क्यापजस्ता कच्चा पदार्थको मूल्य करिब ४० प्रतिशतसम्म बढेको छ । साथै, पेट्रोलियम पदार्थ महँगिएसँगै ढुवानी खर्च पनि उच्च रूपमा बढेको जनाइएको छ । अन्तर्राष्ट्रिय परिस्थितिको असरसमेत नेपाली बजारमा देखिएको महासंघको भनाइ छ । विशेषगरी इरान–इजरायल तनाव र इरान–अमेरिका सम्बन्ध का कारण विश्व आपूर्ति प्रणाली प्रभावित हुँदा स्थानीय उद्योगहरूमा लागत दबाब थपिएको उल्लेख गरिएको छ । महासंघले यो निर्णय नाफामुखी नभई बाध्यात्मक भएको स्पष्ट पारेको छ।

# अमेरिकी सहायक विदेशमन्त्री

# कपुर काठमाडौँ आउँदै




**मधेशदृष्टि**
**काठमाडौँ ।**
अमेरिकी विदेश मन्त्रालयका दक्षिण तथा मध्य एशिया मामिला हेर्ने सहायक विदेशमन्त्री समीर पल कपुर आगामी साता काठमाडौं आउने भएका छन् ।

बालेन शाह नेतृत्वको नयाँ सरकारसँग सम्बन्ध विस्तार गर्ने उद्देश्यसहित आगामी सोमबार काठमाडौं आउन लागेको बताइएको छ ।

काठमाडौं बसाइको क्रममा कपुरले उच्चस्तरीय भेटघाट गर्ने र सरकारका केही मन्त्रीहरुलाई पनि भेट्ने तयारी छ । गत वर्ष अक्टोबरमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दक्षिण एशियाली सुरक्षाका विज्ञ कपुरलाई दक्षिण एशिया मामिला हेर्ने सहायक विदेशमन्त्रीमा नियुक्त गरेका थिए । त्यसअघि डोनाल्ड लुले दक्षिण एशिया मामिला हेर्दथे । वाशिङ्टन डीसीस्थित नेपाली दूतावासका एक कूटनीतिज्ञ र परराष्ट्र मन्त्रालयका एक अधिकारीलाई उद्धृत गर्दै लेखेअनुसार कपुरको काठमाडौं भ्रमण तीन दिनको हुनेछ । समाचारमा लेखिएअनुसार कपुर वाशिङ्टनबाट टर्किस एयरलाइन्समार्फत काठमाडौं आउने र बुधबार सोही विमानमार्फत फर्किने छन् ।

# डिजेल महँगिँदा पर्साका किसान संकटमा

# चैते धान रोपाइँमै संकट




**मधेशदृष्टि**
**वीरगंज।**
पेट्रोलियम पदार्थको मूल्य निरन्तर उकालो लाग्दै जाँदा पर्साका किसानहरू गम्भीर आर्थिक दबाबमा परेका छन् । विशेषतः हर्दिनाथ–१ (चैते धान) जातको खेती गर्ने कृषकहरू प्रत्यक्ष रूपमा प्रभावित भएका छन् । अवस्था यस्तो बनेको छ कि केही किसानहरूले ब्याडमा रोपाइँका लागि तयार पारिएको बीउ हुँदाहुँदै पनि यस वर्ष रोपाइँ नगर्ने निर्णय गर्न बाध्य भएका छन्।

हाल नेपाली बजारमा डिजेलको मूल्य प्रतिलिटर २३४ रुपैयाँ ५० पैसासम्म पुगेको छ, जसका कारण खेतीपातीका आधारभूत कामहरू महँगिँदै गएका छन् । जोताइ खर्चमा उल्लेखनीय वृद्धि देखिएको छ—अहिले फालीबाट जोताइ गर्दा प्रति घण्टा करिब २ हजार रुपैयाँ लाग्ने गरेको छ भने रोटाभेटर प्रयोग गर्दा यो खर्च ३ हजार रुपैयाँसम्म पुग्ने गरेको छ । जबकि डिजेल सस्तो रहेको समयमा यही काम क्रमशः १ हजार २०० र १ हजार ५०० रुपैयाँमै सम्पन्न हुने गथ्र्यो।

चैते धान सुख्खा मौसममा लगाइने बाली भएकाले सिँचाइ अत्यन्तै आवश्यक पर्छ। रोपाइँपछि कम्तीमा पाँचदेखि सात दिनसम्म लगातार पानी हाल्नुपर्ने हुन्छ । विद्युत् मोटरबाट भूमिगत सिँचाइ गर्ने किसानहरूलाई केही राहत भए पनि डिजेलबाट चल्ने दमकलमा निर्भर किसानहरू बढी समस्यामा परेका छन्।

जिराभवानी गाउँपालिका–३ का किसान प्रेम चौधरी भन्छन्, 'रोपाइँका लागि बीउ त तयार छ, तर जोताइ र सिँचाइमा लाग्ने अत्यधिक खर्चले गर्दा यस वर्ष रोपाइँ नै नगर्ने निर्णयतिर पुगेको छु ।' उनले थपे, 'सुख्खा मौसममा सिँचाइका लागि धेरै समय र खर्च लाग्छ, दमकल चलाउँदा डिजेल अत्यन्तै महँगो पर्छ ।'

उत्पादन राम्रो दिने हर्दिनाथ–१ जातको धान भए पनि यसको बजार मूल्य भने सधैं अपेक्षाकृत कम रहने गरेको किसानहरूको गुनासो छ । गत वर्ष यस धानको मूल्य करिब १ हजार ७०० रुपैयाँ प्रतिक्विन्टल मात्रै रहेको थियो । बढ्दो उत्पादन लागत र घट्दो बजार मूल्यका कारण किसानहरू खेतीप्रति निराश बन्दै गएका छन् । यसले दीर्घकालीन रूपमा कृषि उत्पादनमा नकारात्मक असर पार्ने चिन्ता व्यक्त गरिएको छ।

## सम्पादकीय

### सीमा: सम्बन्ध सुदृढीकरणका लागि

# भन्सार नीतिमा सुधार आवश्यकता

नेपाल र भारतबीचको सम्बन्ध सदियौँदेखि सामाजिक, सांस्कृतिक र आर्थिक रूपमा गहिरो र अटुट रहँदै आएको छ । खुला सीमाले दुई देशका जनताबीचको आवतजावत र व्यापारलाई सहज बनाएको छ, जसले गर्दा सीमावर्ती क्षेत्रका बासिन्दाहरूको जनजीवन प्रत्यक्ष रूपमा प्रभावित हुन्छ । हालै नेपाल सरकारले लागू गरेको भन्सार नीतिले सीमा क्षेत्रमा तनाव सिर्जना गरेको र यसले जनजीवनमा नकारात्मक असर पारेको भन्दै नेपाल–भारत खुला सीमा सम्वाद समूहले गम्भीर चासो व्यक्त गरेको छ । यो चासो जायज छ र यसमा सरकारको तत्काल ध्यान जानु आवश्यक छ।

समूहका प्रवक्ता प्रमोद कुमार साहले प्रेस विज्ञप्ति जारी गर्दै सरकारको पछिल्लो भन्सार नीतिले दुई देशबीचको ऐतिहासिक सम्बन्धमा खलल पुर्‍याउन सक्ने चेतावनी दिएका छन् । सीमावर्ती क्षेत्रका बासिन्दाहरूका लागि दैनिक उपभोग्य वस्तुको आयात–निर्यात र आवतजावतमा सहजता अपरिहार्य हुन्छ । भन्सार नीतिको कडाइले उनीहरूको जीविकोपार्जनमा प्रत्यक्ष असर पार्छ र यसले जनस्तरको सम्बन्धमा पनि चिसोपना ल्याउन सक्छ । यसर्थ, नीति निर्माण गर्दा सीमा क्षेत्रका जनताको संवेदनशीलता र आवश्यकतालाई विशेष ध्यान दिनु पर्दछ।


भन्सार नीतिमा सुधारका लागि समूहले केही महत्वपूर्ण बुँदाहरूमा जोड दिएको छ । यी बुँदाहरूले सीमावर्ती क्षेत्रका बासिन्दाहरूको जनजीवन सहज बनाउन र दुई देशबीचको सम्बन्धलाई थप प्रगाढ बनाउन मद्दत पुर्‍याउनेछन् । नीतिगत सुधारले अवैध व्यापारलाई निरुत्साहित गर्दै वैध व्यापारलाई प्रोत्साहन गर्ने वातावरण सिर्जना गर्नुपर्छ । यसका साथै, भन्सार प्रक्रियालाई सरलीकरण गरी साना व्यापारी र सर्वसाधारणलाई अनावश्यक झन्झटबाट मुक्त गर्नुपर्छ।

सरकारले भन्सार नीति बनाउँदा केवल राजस्व संकलनलाई मात्र प्राथमिकता नदिई यसको सामाजिक र आर्थिक प्रभावलाई पनि गहिरो रूपमा विश्लेषण गर्नुपर्छ। सीमावर्ती क्षेत्रका जनताको आर्थिक गतिविधि र सामाजिक सम्बन्धलाई असर गर्ने कुनै पनि नीतिले दीर्घकालमा नकारात्मक परिणाम ल्याउन सक्छ। नेपाल र भारत दुवै देशले एकअर्काको हितलाई ध्यानमा राखेर साझा समाधान खोज्नुपर्छ, जसले दुवै पक्षलाई फाइदा पुर्‍याओस्।

अन्ततः, नेपाल–भारत खुला सीमा सम्वाद समूहको आग्रहलाई नेपाल सरकारले सकारात्मक रूपमा लिई तत्काल भन्सार नीतिमा आवश्यक सुधार गर्नुपर्छ। यसले सीमा क्षेत्रमा देखिएको तनावलाई कम गर्न, जनजीवनलाई सहज बनाउन र नेपाल–भारतबीचको अटुट सम्बन्धलाई अझ मजबुत बनाउन महत्वपूर्ण भूमिका खेल्नेछ । दुई देशबीचको सम्बन्धलाई सुदृढ बनाउनका लागि यस्ता संवेदनशील विषयमा समयमै ध्यान दिनु अपरिहार्य छ।

# मनसुन पूर्वको वर्षाले घटायो वन डढेलो

प्रगति ढकाल/रासस




हरेक वर्षको चैत महिना वन डढेलोको उच्च जोखिममा रहने गर्छ । तर गत चैतमा भने डढेलोको घटना थोरै मात्र घट्यो । मनसुन पूर्वनै औसतभन्दा बढी वर्षा भएकाले अघिल्लो वर्षको सोही अवधिको तुलनामा गत चैतमा डढेलोका घटनामा गिरावट आएको हो।

वन तथा भू–संरक्षण विभागले उपलब्ध गराएको तथ्याङ्कअनुसार २०७८ चैतमा ४६६ वटा डढेलोका घटना दर्ता भएका थिए। यो संख्या २०७९ चैतमा घटेर २ सय ६७ मा झरेको थियो । २०८० चैतमा २ सय ४९ र २०८१ चैतमा पुनः बढेर ३ सय ३१ पुगेको थियो । २०८२ चैतमा भने हालसम्मकै थोरै ७९ वटा मात्रै डढेलाका घटना दर्ता भएका छन्।

समग्रमा २०७८ मा दुई हजार १ सय ६२ वटा डढेलोका घटना भएकामा २०७९ मा एक हजार २ सय ७० मा झरेको थियो। २०८० मा दुई हजार ५५ र २०८१ मा तीन हजार ४७ पुगेको थियो। २०८२ मा भने ४ सय २४ वटा घटना दर्ता भएका छन्।

वन तथा वातावरण मन्त्रालयका सचिव डा. गोविन्दप्रसाद शर्माले यस वर्ष मनसुन सुरु हुनु अघि नै वर्षा भएका कारण वन डढेलोमा कमी आएको बताउनुभयो। 'यस वर्ष वन डढेलाको ठूलो समस्या भएन । तर वन डढेलो कसरी व्यवस्थापन गर्न सकिन्छ भनेर बुधबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको बैठकमा पनि छलफल भएको थियो,' उहाँले भन्नुभयो, 'वन डढेलो नियन्त्रणका लागि ड्रोन खरिदलगायतका कुराहरू पनि उठेका थिए । बैठकमा मनसुनजन्य विपद्को रोकथाम र प्रतिकार्यका लागि आवश्यक स्रोत सम्बन्धित मन्त्रालयको विनियोजित बजेटबाट व्यवस्थापन गर्ने तथा अपुग हुने स्रोत अर्थ मन्त्रालयसँग माग गर्ने निर्णयसमेत भएको छ।'

महिनागत विश्लेषणले वैशाखमा सबैभन्दा धेरै डढेलो हुने गरेको छ। विक्रम संवत् २०७८ मा एक हजार २ सय ४, विसं २०७९ मा ६ सय ९, विसं २०८० मा एक हजार २ सय ७० र विसं २०८१ मा एक हजार ९ सय ४ वटा घटना वैशाखमै भएका थिए। विसं २०८२ को वैशाखमा भने डढेलोको संख्या घटेर १ सय ७३ मात्र छ । जेठमा पनि उल्लेख्य संख्यामा डढेलो हुने गरेको तथ्याङ्कले देखाउँछ।

वन तथा भू–संरक्षण विभागले सार्वजनिक गरेको वन डढेलोसम्बन्धी प्रतिवेदनले पछिल्लो समय डढेलोको जोखिम बढेसँगै वातावरणीय चुनौतीका रूपमा देखिएको छ । प्रतिवेदनअनुसार कुल घटनामध्ये करिब ८९ प्रतिशत डढेलो फागुनदेखि वैशाखसम्ममा हुने गर्छन्।

दीर्घकालीन तथ्याङ्कले विसं २०७३ लाई सबैभन्दा गम्भीर डढेलो वर्षका रूपमा देखाएको छ । पछिल्ला वर्षहरूमा पनि डढेलोको जोखिम उच्च छ । विशेषगरी २०७८ र २०८१ मा उल्लेख्य संख्यामा डढेलोका घटना अभिलेख भएका छन्।

विभागका महानिर्देशक धिरेन्द्रकुमार प्रधानले जलवायु परिवर्तनका कारण बढ्दो तापक्रम, लामो सुक्खा अवधि तथा मानवीय कारणले वन डढेलोका घटना बढ्ने बताउनुभयो । 'लामो हिउँदे सुक्खा अवधि, न्यून आद्र्रता, उच्च तापक्रम, हावाको तीव्रता, कृषि अवशेष जलाउने प्रचलन तथा वन क्षेत्रमा मानव गतिविधि वृद्धि हुने कारण वन डढेलोको जोखिम बढी हुन्छ,' उहाँले भन्नुभयो।

विशेषगरी वैशाख सबैभन्दा जोखिमयुक्त महिनाका रूपमा देखिएको छ, जसमा मात्र कुल घटनाको करिब ५७.७ प्रतिशत डढेलो हुने गरेको छ।

**यस्तो छ प्रदेशगत वन डढेलो**

प्रदेशगत रूपमा हेर्दा डढेलोबाट पछिल्ला वर्षमा लुम्बिनी प्रदेश सबैभन्दा बढी प्रभावित छ। विसं २०७८ मा ४ सय ८२ वटा डढेलो भएको लुम्बिनीमा २०८१ सम्म यो संख्या बढेर ६ सय ९८ पुगेको थियो। २०८२ मा भने यो संख्या घटेर ४४ मा झरेको छ।

कर्णाली प्रदेशमा पनि २०७८ मा ३ सय १४ बाट २०८१ मा ५ सय ७५ पुगेको थियो। तर २०८२ मा भने ५७ वटा वन डढेलोका घटना दर्ता भएका छन्।

त्यसैगरी, सुदूरपश्चिम प्रदेशमा २०७८ मा ३ सय ८९ र २०८१ मा ५ सय २५ वटा डढेलोका घटना भएकामा २०८२ मा भने १ सय ३१ वटा घटना दर्ता भएका छन्।

बागमती प्रदेशमा २०७८ मा ३ सय ३ बाट २०८१ मा ४ सय ७५ पुगेको थियो भने २०८२ मा यो संख्या घटेर ७६ पुगेको छ।

गण्डकी प्रदेशमा २०८१ मा २४९ वन डढेलोका घटना भएकामा २०८२ मा घटेर ३५ वटा दर्ता भएका छन् । यसैगरी, कोशी प्रदेशमा २०८१ मा २ सय ८७ वन डढेलोका घटना भएकामा २०८२ मा घटेर ३१ पुगेको छ।

अघिल्लो वर्ष मधेश प्रदेशमा २ सय ३८ वन डढेलोका घटना भएकामा २०८२ मा घटेर ५० मा झरेको छ।

तथ्याङ्कले २०८२ मा सबैभन्दा बढी सुदूरपश्चिममा र सबैभन्दा कम कोशी प्रदेशमा डढेलो भएको देखाउँछ । वन तथा भू–संरक्षण विभागको तथ्याङ्कमा विशेषगरी विसं २०७३, २०७८ र २०८१ मा अत्यधिक डढेलो घटना अभिलेख भएका छन्।

गृह मन्त्रालयअन्तर्गतको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता शान्ति महतले आर्थिक वर्ष २०७७÷७८ देखि आर्थिक वर्ष २०८१÷८२ सम्मको पाँच वर्षमा वन डढेलोका कारण करिब ९१ करोड ७९ लाख रुपैयाँ आर्थिक क्षति भएको जानकारी दिनुभयो।

**मनसुन पूर्वनै सरदरभन्दा बढी वर्षा**

मनसुन सुरु हुनुपूर्व नै औसतभन्दा बढी वर्षा हुँदा सुक्खापन घटेको र वन डढेलोजस्ता प्राकृतिक विपद्का घटना कम भएको मौसमविद्को भनाइ छ।

जल तथा मौसम विज्ञान विभागका मौसमविद् डिविड ढकालका अनुसार शुक्रबारसम्म प्रि–मनसुन अवधिमा सरदरभन्दा बढी वर्षा 'रेकर्ड' भएको छ। 'यस अवधिमा सामान्यतया करिब ३० प्रतिशत वर्षा हुने गरे पनि यस वर्ष ४४ दशमलव ३ प्रतिशत वर्षा भइसकेको छ,' उहाँले भन्नुभयो।

उहाँका अनुसार विभागअन्तर्गत रहेका २० वटा मौसमी स्टेसनमध्ये जुम्लामा सरदर वर्षा भएको छ भने अन्य अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा मापन गरिएको छ । ढकालले हालसम्म कुल १०१ दशमलव ४ मिलिमिटर वर्षा भइसकेको जानकारी दिँदै यसले सुक्खा अवस्था कम गर्न र वन डढेलोको जोखिम घटाउन सहयोग पुगेको उल्लेख गर्नुभयो।

वन डढेलो नियन्त्रण पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना २०८२ अनुसार वन क्षेत्रको विस्तारसँगै उचित व्यवस्थापन र सदुपयोगको अभावमा वनमा आगलागीको जोखिम पनि बढेको छ । विगतका घटनाहरूका आधारमा अधिकांश वन डढेलो मानिसले लगाएको देखिन्छ।

वन डढेलो लाग्ने कारणहरूमा चरिचरनका लागि आगो लगाउने प्रवृत्ति (३० प्रतिशत), चुरोट पिउनेहरूबाट (१५ प्रतिशत), सिकारीहरूबाट (सात प्रतिशत), वनभोज, क्याम्प फायर आदिबाट (सात प्रतिशत), बच्चाहरू खेल्दा (छ प्रतिशत), अवैध काठ कटान गर्नेहरूबाट (पाँच प्रतिशत), अतिक्रमणकारीहरूबाट (पाँच प्रतिशत), खोरिया फँडानीबाट (पाँच प्रतिशत), अज्ञात कारणबाट (चार प्रतिशत), गोल पोल्नेबाट (चार प्रतिशत), जडीबुटी सङ्कलकहरूबाट (तीन प्रतिशत), राँको बाल्ने कारणले (तीन प्रतिशत) तथा खेतीपातीका लागि (एक प्रतिशत) रहेको कार्ययोजनामा उल्लेख छ।

समग्रमा मानिसहरूको जानाजानीबाट ६४ प्रतिशत, लापरबाहीबाट ३२ प्रतिशत र अज्ञात कारणबाट चार प्रतिशत वन डढेलो लाग्ने गरेको तथ्याङ्क छ।

# सत्ता राजनीतिको नयाँ शृंखला

हरि ज्ञवाली

हामी स्कुल पढ्दा देशमा पञ्चायती व्यवस्था थियो । त्यतिबेला पञ्चायती शासक र व्यवस्थाकै गुणगान गाउनुपर्ने बाध्यकारी अवस्था थियो। पाठ्यक्रममा पनि 'पञ्चायत' नामको एउटा पुस्तक पढ्नुपथ्र्यो।

'नेताहरू दलगत स्वार्थमा लागेका र जनअपेक्षाअनुसार काम गर्न नसकेकाले श्री ५ महेन्द्रबाट २०१७ साल पुस १ गते देशको माटो सुहाउँदो पञ्चायती व्यवस्थाको प्रादुर्भाव गरिबक्सियो' भन्ने वाक्यांशसहितको पुस्तक हामीलाई पढाइयो । पुस्तकमा दलीय व्यवस्था असफल हुनुका थुप्रै कारणहरू उल्लेख गरिएका थिए। जे पढाइयो, हामीले त्यही बुझ्यौँ।

हामी प्रत्येक वर्ष पुस १ गतेका दिन 'पञ्चायती व्यवस्था– जिन्दावाद', 'हाम्रो राजा हाम्रो देश प्राणभन्दा प्यारो छ' भन्ने नारा घन्काउँदै स्कुलबाट गाउँ पञ्चायतको कार्यालयमा जान्थ्यौँ। पुस १४ गते राजा वीरेन्द्र र कात्तिक २२ गते रानी ऐश्वर्यको जन्मोत्सव हुन्थ्यो । यी जन्मोत्सवहरू कहिले आउलान् र रमाइलो होला भनेर दिन गनेर बस्थ्यौँ। जन्मोत्सवमा राजा–रानीको फोटोमा माल्यार्पण गरेपछि लामा–लामा भाषण हुन्थे । को–कसले के–के भन्थे हामी बुझ्दैनथ्यौँ, नबुझे पनि सुन्थ्यौँ। अरूले ताली बजाउँदा हामी पनि ताली बजाउँथ्यौँ। कतिले के–के पुरस्कार पनि पाउँथे। हामी फगत ताली पड्काउँथ्यौँ। कार्यक्रमपछि थाकेर, गलेर र भोकाएर घर पुग्दा पनि आफ्नै खालको रवाफ हुन्थ्यो।

समय बित्दै गयो। एकदलीय पञ्चायती व्यवस्थाले जनतालाई प्रजातान्त्रिक अधिकार नदिएको भन्दै हामीलाई विरोधमा उत्रन लगाइयो । त्यतिबेला भनिएको थियो– 'राजाका कारण देशले दुःख पायो ।' 'जनताले तिरेको करले दरबारले मोज गर्‍यो ।' 'देशमा राजाका मुठ्ठीभर व्यक्तिको हालीमुहाली चल्यो ।' 'एकदलीय पञ्चायती व्यवस्था नै देश विकासको बाधक हो ।' 'नागरिकको मौलिक हकमाथि प्रतिबन्ध लगाइयो ।' 'एकदलीय व्यवस्थाले नागरिकलाई दाससरह बनायो।' 'जनताले दुःख पाए।' 'विकास अवरुद्ध भयो।' आदि इत्यादि। नेताहरूले भनेका कुरा सत्य होलान् भनेर पत्याइयो । पञ्चायतविरोधी आन्दोलनमा सक्रिय भएर लागियो।

वि.सं. २००७ सालअघि हाम्रा पुर्खालाई 'जनताले दुःख पाउनुको एकमात्र कारण राणाशासन हो' भनिएको थियो। अनपढ पुर्खाहरूले त्यही बुझे । जानी–नजानी राणाशासन फ्याँक्न क्रान्ति गरे। २००७ सालमा आएको प्रजातन्त्रपछि देश झन् अस्थिर भयो। जसोतसो २०१५ सालमा सम्पन्न आम निर्वाचनमा नेपाली काङ्ग्रेसको दुई तिहाइको सरकार बनेको थियो । त्यसलाई पाखा लगाएर राजा महेन्द्रले २०१७ सालमा मौलिक व्यवस्थाको नाममा पञ्चायत जन्माएका थिए । पञ्चायतविरोधी आन्दोलनमा हामी पनि डराई–डराई, लुकीलुकी सहभागी हुन्थ्यौँ।

३० वर्षसम्म पञ्चायतले जनतालाई दमन गरेको भनेर जनतालाई आन्दोलित बनाउने काम भयो। 'निर्दलीय पञ्चायती व्यवस्था मुर्दावाद' भन्दै जनता सडकमा ओर्ले । २०४६ सालमा पञ्चायती व्यवस्थालाई पनि मिल्काइयो। प्रजातन्त्रको पुनर्बहालीले देशमा विकास, सुशासन र समृद्धि आउला भन्ने आशा गरियो । चुनावमा जनताले नेपाली काङ्ग्रेसलाई जिताए। अबचाहिँ केही हुन्छ भनेर बुरुक्क उफ्रियौँ । तर, परिणाम निराशाबाहेक केही भएन । जनताका दुःखका दिन जस्ताको तस्तै रहे।

प्रजातन्त्रको पुनर्बहालीको केही वर्षमै केही मान्छेहरू जङ्गल पसे । आम जनताको दीर्घकालीन मुक्ति र मुलुकको आमूल परिवर्तनका लागि हतियार उठाउनुको विकल्प छैन भन्दै जनयुद्ध भयो । ठूलै उपलब्धि हुनेछ भनेर एकथरी जनता जमेरै लडे । अब त होला भनियो । त्यो पनि पत्याइयो। हजारौँले ज्यान दिए, हजारौँको ज्यान लिए।

मार्ने–मर्ने प्रतिस्पर्धा भयो। तर विनाश र विध्वंशबाहेक अरू खासै उपलब्धि केही भएन । मुलुक झन् पछाडि धकेलियो । जनतालाई भेँडा मात्र बनाइयो।

हामीलाई आशा देखाइएको थियो– 'नेपाली जनताले अघिल्ला राजनीतिक परिवर्तनहरूमा जे–जे पाउन सकेका थिएनन्, अब त्यो सबै प्राप्त गर्नेछन्।' 'हामी र हाम्रा सन्ततिले सुख, शान्ति र समृद्धि पाउनेछन्।' 'मुलुकमा रहेका सबै प्रकारका विभेद अन्त्य हुनेछन्,' आदि–इत्यादि।

देशमा गणतन्त्रको नाममा २०६२–०६३ सालमा दोस्रो जनआन्दोलन भयो । राजतन्त्रका कारण जनताले दुःख पाएको भनियो।

गणतन्त्रका लागि जनता पुनः मर्न, मार्न र बलिदानी दिन तयार भए । तर उक्त जनआन्दोलनले पनि केही नेताहरूलाई पद र कुर्सीमा पुर्‍याउनेबाहेक आम जनतालाई कुनै उपलब्धि दिएन। नेपाली जनतालाई झुक्याउने र ठग्ने सिलसिला रोकिएन।

लामो सङ्घर्ष, हजारौँको बलिदानी, पटक–पटकका निर्वाचन र रस्साकस्सीपछि वि.सं. २०७२ सालमा एक थान संविधान बनाइयो । सिंहदरबारको अधिकार गाउँगाउँमा पुर्‍याउने भनेर सङ्घीयता लागू गरियो । तीन तहका सरकार बनाएर विकासको मूल फुटाउने भन्दै देशैभरि सयौँ मन्त्री र हजारौँ सांसदहरूको ठूलै फौज निर्माण गरियो। मुलुकभरि मन्त्री नै मन्त्री भए। सिंहदरबारको अधिकार गाउँगाउँमा भन्ने नारा नेताको कमाइको साधन मात्र बन्यो। तर, विकास र समृद्धि भने आम जनतामा आउन सकेन।

नयाँहरूलाई चुनावमा जिताए मुलुकमा स्थिरता र समृद्धि आउँछ भनियो । त्यतै लागियो। जनता सुखी र समृद्ध हुन्छन् भनियो, पत्याइयो। देशमा शान्ति छाउँछ भन्ने आशा देखाइयो, ढुक्क भइयो। तर विडम्बना, पदीय भागबन्डा, कुर्सीको लुछाचुँडी र व्यक्तिगत स्वार्थमा उनीहरू लिप्त भए। विकासको मूल फुटाउन भनेर बनाइएका सङ्घ, प्रदेश र स्थानीय सरकार पनि जनमुखी बन्न सकेनन्।

हिजो 'जनताले समयमा मल पाएनन्, बजार पाएनन्, मूल्य पाएनन्' भन्दै आन्दोलन भए । 'सुरक्षा पाएनन्, आवश्यक औषधि पाएनन्, सर्वसुलभ शिक्षा पाएनन्, पर्याप्त रोजगारी पाएनन् र एउटा नागरिक हुनुको सम्मानसमेत पाएनन्' भन्दै सङ्घर्ष भए। 'आन्दोलन र सङ्घर्ष गरे सबै पाइन्छ' भन्ने आशा देखाइयो।

हरेक पटक जनताले नै त्याग गरे, बलिदानी दिए। तर आज उनीहरूले के पाए ? आम जनताको जीवनस्तरमा के तात्त्विक अन्तर आयो ? आम जनताका लागि पञ्चायत, राजतन्त्र, प्रजातन्त्र–लोकतन्त्र र गणतन्त्रमा के फरक भयो ? खै त जनताको त्यत्रो सङ्घर्ष र बलिदानीको मूल्य ? जनतालाई बाँडिएका सपनाहरू कहिले पूरा हुन्छन् ? तमाम प्रश्नहरू अनुत्तरित बन्दै गएका छन्।

**नयाँ परिवेशमा नयाँ आशा**

यतिखेर देशमा रास्वपा पार्टीको एकल शक्तिशाली सरकार बनेको छ। पुराना पार्टी र नेताहरूले जनताका आशा र भरोसाअनुरूप काम गर्न नसकेको, भ्रष्टाचार र अनियमिततामा लिप्त भएको ठान्दै नेपाली जनताले रास्वपा पार्टीलाई यसपटक अभूतपूर्व मत दिएका छन्। सयौँको सहादत र मुलुकका महत्त्वपूर्ण धरोहर समाप्तिपछि नयाँ पार्टीका नयाँ प्रधानमन्त्री र नयाँ–नयाँ मन्त्रीहरू बनेका छन्। जनताको अभूतपूर्व समर्थनसँगै तमाम आशा र आकाङ्क्षा पनि त्यत्तिकै बढेका छन्।

सदियौँदेखि पटक–पटक ठगिएका र झुक्किएका नेपाली जनताले यो करिब दुई तिहाइको सरकारबाट असीम आकाङ्क्षा राखेका छन्। नेपाल र नेपालीको भाग्य र भविष्य बदलिने दिशामा यो सरकार कोसेढुङ्गा बन्नैपर्ने आवश्यकता छ। यो भरोसा र आकाङ्क्षा पुनः निराशामा कदापि परिणत हुनुहुँदैन । नयाँ सरकार अत्यन्त गम्भीर र जनताप्रति उत्तरदायी बन्नैपर्दछ।

आजसम्म नेपाली जनतालाई कहिले राणाहरूले दमन गरे, कहिले एकदलीय व्यवस्थाका पञ्चायतीहरूले ठगे। कहिले राजावादीहरूले झुक्याए, कहिले बहुदलवादी नेताहरूले ढाँटे त कहिले कम्युनिस्ट र गणतन्त्रवादी नेताहरूले आफ्नो स्वार्थमा प्रयोग गरिरहे। तर, नेपाली जनताका दुर्दिन कहिल्यै सकिएनन् । नेपालले विकास र समृद्धिको बाटो समात्न सकेन।

अब पालो मुलुकको निरन्तर विकास र समृद्धिको हो। नेपाली जनतालाई दमन गर्ने, झुक्याउने, ठग्ने र ढाँटिरहने सत्ता राजनीतिको श्रृंखला अब रोकिनै पर्दछ । विगतका कमजोरीको फाइदा उठाउँदै सत्तामा पुग्ने अनि कुशासन, भ्रष्टाचार, अनियमितता र नेपोटिज्म बढाउने विगतका सारा कुप्रवृत्ति अब समूल अन्त्य होऊन्। जनताका असीम आशा, भरोसा र आकाङ्क्षा पुनः निराशा र असन्तुष्टिमा परिणत नहोऊन्।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# शनिबार र आइतबार सार्वजनिक बिदा अस्पतालमा पनि लागू




**काठमाडौं ।**
स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सरकारी अस्पतालमा आइतबार र शनिबार दुई दिन नै बिदा दिने भएको छ । मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले गत चैत २२ गते राजपत्रमा प्रकाशित सूचनाबमोजिम शनिबार र आइतबार दुई दिन सार्वजनिक बिदा दिने व्यवस्थाअनुसार अस्पतालमा पनि लागू गरिएको बताए । यसअघि मन्त्रालयले गत आइतबार पनि अस्पतालको बहिरङ्ग सेवा सञ्चालन गर्न निर्देशन दिएको थियो ।

स्वास्थ्यकर्मीका मनोबल र हितलाई ध्यानमा राखी बिरामीको निरन्तर हेरचाह सुनिश्चित गर्न र सरकारको हप्तामा दुईदिन सार्वजनिक बिदाको नीतिअनुरुप आइतबारका पूर्वनिर्धारित शल्यक्रियालगायतका बिरामीको सहजता हेरि 'रिसेडयुल' गरी अन्तरङ्ग र आकस्मिक सेवाहरु सधैँझैँ २४ घण्टा सूचारु गरिने छ, उनले भने । मन्त्रालयका प्रवक्ता बुढाथोकीले बिदाको दिनमा बिरामीले कुनै पनि सास्ती भोग्न नपरोस् भनी अस्पतालले सम्भव भएसम्म सेवा प्रदान गर्नसमेत आग्रह गर्नुभएको छ । यस्तै अस्पतालमा उपलब्ध नभएका सेवाका लागि नजिकैको उपयुक्त अस्पतालमा सहज रुपमा रेफर गर्न र एम्बुलेन्स हरदम तयारी अवस्थामा राख्ने व्यवस्था मिलाउनसमेत सबै अस्पताललाई अनुरोध मन्त्रालयले गरेको छ । मन्त्रालयले सर्वसाधारणको जानकारीका लागि बिदामा उपलब्ध सेवाको विवरण आफ्नो वेबसाइट तथा सूचनापाटीमा राख्नसमेत अनुरोध गरेको छ । रासस

# सांसद एवं उच्च सरकारी अधिकारीलाई सम्मान

**काठमाडौं ।**
कान्तिपुर सिटी कलेज (केसिसी)ले सांसद तथा उच्च सरकारी ओहदामा पुगेका व्यक्तित्वलाई सम्मान प्रदान गरेको छ । सो कलेजका पूर्वविद्यार्थी एवं शिक्षक रही हाल सांसद निर्वाचित भएका तथा उच्च सरकारी ओहदामा पुगेका व्यक्तित्वलाई शनिबार आयोजित कार्यक्रममा सम्मान प्रदान गरिएको हो ।

सम्मानित हुनेमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद एवं सचेतक प्रकाशचन्द्र परियार, रास्वपाका सांसद जगदिश खरेल, नेपाली कांग्रेसका सांसद निस्कल राई, राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त डा. सुरेश आचार्य, प्रधानमन्त्रीका अनुसन्धान एवं प्रेसविज्ञ दीपा दाहाल र प्रधानमन्त्री सचिवालयका अधिकृत विनय शाक्य हुन् ।

समारोहमा रास्वपाका सांसद परियारले पछिल्लो समय मुलुकले सामान्य नभएर आमूल परिवर्तन खोजेकाले जनताको सोही भावनाअनुसारको परिवर्तनका लागि आफूहरू सदैव लागिरहने प्रतिबद्धता जनाए । कलेजका पूर्वविद्यार्थीसमेत रहेका सांसद परियारले आफ्नो व्यक्तित्व विकासका साथै मुलुकको पत्रकारिता, सूचना प्रविधि र इञ्जिनियरिङ क्षेत्रमा जनशक्ति




उत्पादनका लागि केसीसीले पु¥याएको योगदानको प्रशंसा गरे ।

रास्वपाका सांसद एवं कलेजका पूर्वविद्यार्थी खरेलले शिक्षण संस्थामा राजनीतिक क्रियाकलाप गर्न नहुने सन्देश प्रवाह गर्न जरुरी रहेको उल्लेख गर्दै अविकास र बेथितिका कारण देश पछि परेकाले आफूहरूले यो वास्तविकतामा आधारित रहेर जिम्मेवारी बोधका साथ काम गर्ने प्रतिबद्धता जनाए । नेपाली कांग्रेसका सांसद एवं कलेजका पूर्वशिक्षक राईले वर्तमान सरकारले विकास, सामाजिक न्याय र पारदर्शिताका क्षेत्रमा काम गर्दै जेन–जी आन्दोलनको भावना बुझेर अघि बढ्न सुझाव दिए ।

आमसञ्चार तथा पत्रकारिताका प्राध्यापक रामकृष्ण रेग्मीले मुलुकको परिवर्तनका आशाहरू हिजोका दिनमा पनि जनताले पटकपटक पाइरहेकाले अहिले राजनीतिमा उदाएको नयाँपुस्ताले ती आश्वासनलाई पूरा गर्नेगरी काम गर्न आग्रह गरे । अहिले युवापुस्ता निर्वाचित भएर आएकाले युवावर्गमा देखिएको उत्साह र उमङ्गलाई देश विकासमा लगाउने काममा ढिला नगर्न आग्रह गरे । राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त डा आचार्यले समयको महत्त्व र माग बुझेर काम गर्न युवापुस्ताको बाहुल्यता भएको संसद् र सरकारलाई आग्रह गरे ।

प्रधानमन्त्री बालेन्द्र शाहका अनुसन्धान तथा प्रेसविज्ञ दाहालले आफूलाई अवसर मात्र प्राप्त भएको नभई जिम्मेवारी बोध पनि भएकाले इमान्दारिताका साथ पदीय दायित्व पूरा गर्ने बताए । कलेजका अध्यक्ष डा. प्रल्हाद कार्की र प्राचार्य राजु कट्टेलले नेपालको शिक्षा क्षेत्रमा कलेजले पुर्याएको योगदानको चर्चा गर्दै निजी क्षेत्रलाई केवल नाफा कमाउने क्षेत्रका रूपमा मात्र नहेरी एउटा जिम्मेवार साझेदारका रूपमा व्यवहार गर्न सरकारसमक्ष आग्रह गरे । रासस

# एकद्वार सेवा प्रणाली लागू गर्न गृहको निर्देशन

**काठमाडौं ।**
गृह मन्त्रालयले देशभरका जिल्ला प्रशासन कार्यालयलाई 'एकद्वार सेवा प्रणाली' लागू गर्नेसहित नौ बुँदे निर्देशन जारी गरेको छ । मन्त्रालयले जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयले दिने सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनका लागि त्यस्तो निर्देशन गरेको हो ।

मन्त्रालयले जारी गरेको परिपत्रमा चालु आवमै विद्यमान बजेटबाट नै एकद्वार सेवा प्रणाली लागू गर्न आवश्यक प्रबन्ध गर्दै आगामी आवका लागि सुधार कार्य गर्न आवश्यक न्यूनतम बजेट माग गर्न पनि भनिएको छ ।

प्रमुख जिल्ला अधिकारीलाई नेपाल सरकारको प्रतिनिधिका रूपमा प्रचलित कानुनबमोजिम जिल्लामा शान्ति सुव्यवस्था र सुरक्षा कायम गर्दै जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्ने, सार्वजनिक सेवा प्रवाहको सुनिश्चितता, सुशासन सुदृढीकरण तथा विकास व्यवस्थापनमा सहजीकरणजस्ता महत्त्वपूर्ण प्रशासकीय भूमिका निर्वाह गर्नुपर्ने भूमिकासमेत गृहमन्त्रालयले स्मरण गराइएको छ ।

उक्त निर्देशनमा गृहमन्त्री सुधन गुरुङले पदबहाली गरेको दिन मन्त्रालय र अन्तर्गतका निकाय मूलतः जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयबाट प्रदान गरिने सेवाहरू एकद्वार प्रणालीबाट गर्ने व्यवस्था मिलाउन निर्देशन भएको र नेपाल सरकार मन्त्रिपरिषद्बाट गत चैत १३ गते स्वीकृत शासकीय सुधारका एक सय कार्यसूचीमा सार्वजनिक सेवा प्रवाहमा नागरिकको विश्वास जित्ने गरी गुणात्मक सुधार, सुशासन सुदृढीकरण, भ्रष्टाचार नियन्त्रण समेतका विषयलाई केन्द्र विन्दुमा राखेर कार्यसम्पादन गर्नुपर्नेलगायत विषय उल्लेख रहेको छ ।

मन्त्रालयको सचिवस्तरीय निर्णयअनुसार गरिएको निर्देशनमा भनिएको छ, जिल्ला प्रशासन कार्यालयबाट प्रवाह भइरहेका सेवाहरूलाई सुधार गरी जनताको अपेक्षाअनुरूप सहज र सेवाग्राहीमैत्री बनाउने सिलसिलामा हाल कतिपय जिल्लामा कार्यान्वयनमा ल्याइएका सृजनात्मक तथा नवप्रवद्र्धनात्मक उपायहरू जस्तै टोकन प्रणाली, नागरिक सुनुवाइ प्रणाली, नयाँ नागरिकताको अनलाइन सिफारिस, निःशुल्क सहायता कक्षलगायतका सुधारलाई थप व्यापक र संस्थागत गर्दै गृहमन्त्रीको निर्देशन र एकसय कार्यसूचीको मूल भावनाअनुरूप सुधारका कार्यलाई तत्काल अगाडि बढाउने सिलसिलामा 'एकद्वार सेवा प्रणाली' यथाशीघ्र लागू गर्न




आवश्यक छ ।

**यस्ता छन् नौबुँदे निर्देशन एकद्वार सेवा प्रणाली व्यवस्थापन गर्ने क्षेत्रहरू**

नयाँ नागरिकता, प्रतिलिपि नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र र नाबालक परिचयपत्रसम्बन्धी सेवाका लागि उपयुक्त सेवाकक्ष तयार गरी सेवाग्राही मैत्री बनाउन भनिएको छ । त्यस्तै, सेवाको कार्य प्रारम्भ गर्नेदेखि स्वीकृत गर्ने तहसम्मका सबै कर्मचारीले सकेसम्म एकैकक्षबाट सेवा प्रदान गर्ने व्यवस्था मिलाउन निर्देशन दिइएको छ ।

मन्त्रालयले निर्देशनमा सङ्घसंस्था दर्ता तथा नवीकरण, हातहतियार नवीकरण तथा कागजात प्रमाणीकरणका कार्य कार्यबोझ र कर्मचारीको उपलब्धताका आधारमा उपयुक्त सेवा कक्षको प्रबन्ध गर्न, सेवाग्राहीलाई यथासम्भव प्रतिक्षा÷विश्राम कक्षमा बस्ने व्यवस्था गरी पारदर्शी तवरले सेवा प्रवाह गर्न भनेको छ । त्यस्तै, जिल्ला प्रशासन कार्यालयबाट प्रवाह हुने सेवा सम्भव भएसम्म अनलाइन प्रणालीमार्फत नै सेवा प्राप्त गर्नसक्ने सम्बन्धमा ध्यान दिइ सुधारका काम कारवाही अगाडि बढाउन भनिएको छ ।

**टोकन प्रणाली र सहायता कक्षसम्बन्धी**

सेवाग्राहीको चाप एवं आवश्यकताका आधारमा टोकन प्रणाली लागू गर्न एवं कार्यालय प्रवेश गर्नेबित्तिकै सहज पहुँच हुने स्थानमा कर्मचारी र कम्प्युटरसहितको सहायता कक्ष राख्न निर्देशन दिइएको छ । सहायता कक्षमा जिल्ला प्रशासन कार्यालयको सेवासम्बन्धी विषयवस्तु बुझेको कर्मचारीलाई मात्र राख्ने र हेल्प डेस्क बिहान ९:०० बजे अनिवार्य रूपमा खोल्ने व्यवस्था मिलाउन भनिएको छ ।

सेवाग्राहीलाई निवेदन लेख्न–विवरण भर्न सहजीकरण गर्ने व्यवस्था मिलाउन, सहायता कक्षमा कागजातको प्रारम्भिक परीक्षण गरेर टोकन दिने र कागजात नपुगेको सेवाग्राहीलाई के के पुगेन स्पष्ट गरी टिपोट दिनका लागि पनि सहायता कक्ष आवश्यकता औँल्याइएको छ ।

त्यसैगरी कार्यकक्षमा सेवाग्राहीको चापअनुसार फ्रन्ट डेस्कका कर्मचारीले सेवाग्राहीलाई कार्यकक्षमा नै पठाउने वा प्रतिक्षालयमा राख्ने व्यवस्था मिलाउन एवं ज्येष्ठ नागरिक, बिरामी, अशक्त, अपाङ्गता भएका व्यक्ति, सानो बच्चासहितका सेवाग्राहीलाई फ्रन्ट डेस्क वा सहायता कक्षका कर्मचारीले सेवामा प्राथमिकता प्रदान गर्न पनि भनिएको छ ।

**नागरिक बडापत्रसम्बन्धी**

डिजिटल तथा आवाजसहितको नागरिक बडापत्र यथासम्भव लागू गर्न, यदि सम्भव नभए कार्यालयबाट प्रवाह हुने सबै सेवाको प्रक्रियागत चरण स्पष्ट उल्लेख गरी सबैले देख्ने ठाउँमा सहजै पढ्न सकिने अक्षरमा नागरिक बडापत्र राख्न, प्रमुख÷सहायक प्रमुख जिल्ला अधिकारी, प्रशासकीय अधिकृत र वडाध्यक्ष तहसम्मको ह्वाट्सएप समूह तयार गरी सेवा प्रवाह सरलीकरण गर्न नियमित रूपमा छलफल हुने व्यवस्था मिलाउन पनि निर्देशन दिइएको छ ।

**गुनासो व्यवस्थापनसम्बन्धी**

जिल्ला प्रशासन कार्यालयमा प्राप्त उजुरी तथा गुनासोको अभिलेख गरी उजुरी तथा गुनासो समाधानका लागि तत्कालै क्रियाशील हुनका लागि गुनासो सुन्ने व्यवस्था गर्न निर्देशनमा भनिएको छ ।

प्रमुख जिल्ला अधिकारी तथा सहायक प्रमुख जिल्ला अधिकारीसँग अशक्त र अपाङ्गता भएका सेवाग्राहीले गुनासो लिएर भेट्न चाहेका खण्डमा प्रमुख जिल्ला अधिकारी तथा सहायक प्रमुख जिल्ला अधिकारी उनीहरूसमक्ष आफैँ गई भेट्ने तथा तत्कालै गुनासो सुन्ने प्रबन्धको सुनिश्चितता गर्न भनिएको छ ।

कार्यालय प्रमुख र गुनासो सुन्ने अधिकारीको 'अफिसियल' मोबाइलमा निरन्तर सम्पर्क हुने व्यवस्था मिलाउनुपर्ने र तत्काल सम्पर्क हुन नसकेमा 'कलब्याक' गरी जानकारी लिनुपर्ने, प्रत्येक महिना जनतासँग प्रजिअ कार्यक्रम सञ्चालन गर्ने र जनताका गुनासाहरू सम्बोधन गर्न निर्देशनमा भनिएको छ ।

सेवाग्राहीप्रतिको व्यवहारसम्बन्धी कर्मचारीले सेवाग्राहीसँग मर्यादित भाषा तथा सम्मानपूर्वक व्यवहार गर्न कुनै कर्मचारीले सेवाग्राहीलाई दुःख हैरानी दिएमा प्रमुख जिल्ला अधिकारीले शून्य सहनशिलताको नीति अवलम्बन गरी प्रचलित कानुनबमोजिम कारबाही गर्ने र सोको प्रतिवेदन मन्त्रालयमा गर्न तथा कार्यालयको परिसर सरसफाइको सुनिश्चितता गर्न पनि भनिएको छ ।

**विचौलिया नियन्त्रण**

कार्यालयमा विचौलियाको प्रवेशमा उच्च निगरानी गरी विचौलियामार्फत काम गर्ने गराउने कार्यलाई कडाइकासाथ पूर्ण रूपमा नियन्त्रण गर्न, विचौलियालाई गर्ने कारबाहीलाई तीव्रता दिन, नेपाल प्रहरीमार्फत विचौलिया कार्यमा संलग्न व्यक्तिहरूको कारबाहीको हालसम्मको ९वर्तमान सरकार गठन भएको मितिदेखि प्रतिवेदन गरेको दिनसम्म० को र तत्पश्चात् नियमित प्रतिवेदन हुने व्यवस्था मिलाउन पनि निर्देशक गरिएको छ ।

**प्रत्येक पदको कार्यविवरण तयार गरिने**

जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयले कार्यसम्पादनलाई परिणामसँग जोड्न प्रत्येक पदको वस्तुनिष्ठ कार्यसम्पादन सूचकसहितको कार्य विवरण १५ दिनभित्र तयार गरी लागू गर्न पनि निर्देशन दिइएको छ ।

**क्षमता विकाससम्बन्धी**

निर्देशनमा जिल्ला प्रशासन कार्यालयबाट सबै वडा कार्यालयमा काम गर्ने कर्मचारीलाई जिल्ला प्रशासन कार्यालयसँग सम्बन्धित सिफारिस र अन्य काम कारबाहीका सम्बन्धमा अभिमुखीकरण तथा तालिम प्रदान गर्न, जिल्ला प्रशासन कार्यालयमा कार्यविवरणअनुसार कार्य सम्पन्न गर्नेगरी कर्मचारीलाई अभिमुखीकरण गर्न, कर्मचारीलाई मूलतः फ्रन्ट डेस्कमा बस्ने कर्मचारीलाई आवश्यकपर्ने तालिमको व्यवस्था गर्ने वा मन्त्रालयमा माग गर्न पनि भनिएको छ ।

**सूचना प्रवाह, अनुगमन मूल्यांक**

प्रमुख जिल्ला अधिकारीले कार्यसम्पादन प्रणालीको निरन्तर निगरानी र अनुगमन गर्न, सम्भव भए सिसिटिभी जडान गर्न, कार्यालयको वेभसाइट निरन्तर अद्यावधिक गर्न, प्रोएक्टिभ डिस्कोर्सलाई सुदृढ गर्दै कार्यालयको गोपनियता र पारदर्शिताबीच सन्तुलन कायम राख्न, प्रमुख जिल्ला अधिकारीसहित सबै कर्मचारीको कार्य जिम्मेवारीसहितको सम्पर्क नम्बर कार्यालयको वेबसाइटमा राख्न, जिल्लाको शान्तिसुरक्षाको अवस्थाको दैनिक रूपमा जाहेरी पठाउँदा उक्त दिन जिल्ला प्रशासन कार्यालयबाट प्रवाह हुने सबै खाले सेवाको सङ्ख्यात्मक विवरणसमेत अनिवार्य रूपमा तोकिएको ढाँचामा राख्न पनि भनिएको छ ।

मन्त्रालयले जिल्ला प्रशासन कार्यालयबाट सम्पादित अनुकरणीय कार्य र अन्य सबै सेवाको प्रगति प्रतिवेदन प्रत्येक महिनाको ०१ र १६ गते अनिवार्य रूपमा मन्त्रालयमा पठाउन पनि दिर्नेशन दिइएको छ । रासस

# बजेट विनियोजन गर्न अर्थमन्त्रीको ध्यानाकर्षण

**दमौली ।**
अर्थमन्त्री डा. स्वर्णिम वाग्लेसँग भेट गरी तनहुँको आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले आगामी आर्थिक वर्ष २०८३–८४ को बजेटमा जिल्लाका लागि विभिन्न विकासका आयोजना समावेश गर्न आग्रह गरेका छन् । उनले प्राथमिकताका आधारमा आयोजनाहरू पेस गर्दै बजेट सुनिश्चित गर्न अर्थमन्त्री डा वाग्लेको ध्यानाकर्षण गराएका हुन् । अध्यक्ष चुमानले जिल्लामा रहेका सडक, पुल, धार्मिक पर्यटन, स्वास्थ्य, शिक्षा र खानेपानी क्षेत्रका महत्त्वपूर्ण आयोजनाहरू अघि सारेका छन् । उनका अनुसार सडकतर्फ
छिम्केश्वरी–हिलेखर्क–बन्दिपुर सडक स्तरोन्नतिका लागि रु ३० करोड, बरादी–हिलेखर्क (गिरनचौर–साते खण्ड) सडकका लागि २० करोड, पुलजीप–घुमाउने हुँदै देवघाट जोड्ने सडकका लागि रु ५० करोड तथा आँबुखैरेनी रिङरोड मर्मतका लागि र १० करोड बजेट माग गरिएको छ । पुल निर्माणतर्फ घुमाउने पुल आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने, बरालुङबेँसीमा पक्की पुल निर्माण प्रक्रिया अघि बढाउने तथा पाँचकिलोस्थित जीर्ण झोलुङ्गे पुललाई स्थानान्तरण गरी नयाँ मोटरेबल पुल निर्माण गर्ने



प्रस्ताव गरिएको अध्यक्ष चुमानले बताए । छिम्केश्वरी सडक खण्डअन्तर्गत सिर्दी खोलामा मोटरेबल पुल निर्माणका लागि आठ करोड बजेट आवश्यक रहेकाबारे अर्थमन्त्रीलाई जानकारी गराइएको उनले उल्लेख गरे । गाउँपालिकाका अध्यक्ष चुमानका अनुसार धार्मिक पर्यटनतर्फ छिम्केश्वरी क्षेत्रको विकासका लागि १० करोड, अकला क्षेत्रका लागि पाँच करोड र आँधीमुल क्षेत्र विकासका लागि पाँच करोड बजेट माग गरिएको छ ।

स्वास्थ्य क्षेत्रमा आँबुखैरेनी–१ सत्रसयमा दश रोपनी जग्गा अस्पतालका लागि प्राप्त भइसकेको जानकारी दिँदै गाउँपालिकाका अध्यक्ष चुमानले थप १०० रोपनीसम्म विस्तार गर्न सकिने भएकाले सो क्षेत्रमा एक सय शय्याको ट्रमा अस्पताल स्थापना गर्न आवश्यक बजेटको व्यवस्था गर्न आग्रह गरिएको बताए । पृथ्वी राजमार्गसँग जोडिएको रणनीतिकस्थान भएकाले यहाँ अस्पताल विस्तार भएमा गोरखा, तनहुँ र लमजुङका बासिन्दालाई समेत सेवा पुग्ने उनको भनाइ छ ।

शिक्षातर्फ बहुप्राविधिक शिक्षालय स्थापना, आँबुखैरेनी क्याम्पसमा स्नातकोत्तर कार्यक्रम सञ्चालन, विभिन्न विद्यालयमा विद्युतीय बस, छात्रावास तथा आधुनिक प्रयोगशाला व्यवस्थापनका लागि बजेट माग गरिएको गाउँपालिकाका अध्यक्ष चुमानले जानकारी दिए । उनका अनुसार खानेपानीतर्फ हिलेखर्क–छिम्केश्वरी–लोप्राङ एकीकृत खानेपानी आयोजना निर्माणका लागि १० करोड तथा सत्रसय खानेपानी शुद्धीकरण आयोजनाका लागि पाँच करोड बजेट विनियोजन गर्न प्रस्ताव गरिएको छ । रासस

# सामाजिक सञ्जालमार्फत औषधि सिफारिस नगर्न निर्देशन

**काठमाडौं ।**
नेपाल मेडिकल काउन्सिलले परीक्षण विना सामाजिक सञ्जालमार्फत औषधि सिफारिस नगर्न चिकित्सकलाई निर्देशन दिएको छ । काउन्सिलका रजिष्ट्रार डा शतिशकुमार देवले टिकटक, इन्स्टाग्राम तथा फेसबुक जस्ता सामाजिक सञ्जालमार्फत परीक्षण विना औषधि सिफारिस गर्ने कार्य तुरुन्त बन्द गर्न निर्देशन दिएका हुन् ।

काउन्सिलले चिकित्सकलाई 'अनलाइन परामर्श'का नाममा सामाजिक सञ्जालबाट स्वास्थ्यसम्बन्धी श्रव्यदृश्य सामग्री प्रसारण नगर्न आग्रह गरेको छ । काउन्सिलका रजिष्ट्रार डा देवले चिकित्सकहरूले बिरामीसँग सम्बन्धित श्रव्यदृश्य सामग्री सार्वजनिक गर्ने, विभिन्न उपचारका लागि औषधि प्रयोग गर्न सुझाव दिने, औषधि सिफारिस गर्ने जस्ता कार्य सामाजिक सञ्जालबाट नगर्न आग्रह गरेका हुन् । सामाजिक सञ्जालमा चिकित्सकले



गैरजिम्मेवार र अवैज्ञानिक सूचना तथा सल्लाहले सर्वसाधारणलाई भ्रममा पार्नाको साथै गलत औषधि प्रयोगका कारण स्वास्थ्यमा गम्भीर क्षति पुग्ने सम्भावना उच्च हुने भएकाले चिकित्सकलाई त्यस्तो कार्य नगर्न काउन्सिलले अनुरोध गरेको हो । रजिष्ट्रार डा देवले स्वास्थ्य सेवा अत्यन्त संवेदनशील क्षेत्र भएकाले बिरामीको उचित परीक्षण आवश्यक जाँच र चिकित्सकको प्रत्यक्ष मूल्याङ्कन विना औषधि सेवन गर्न सुझाव दिनु र त्यस्तो सल्लाहले विरामीको स्वास्थ्यमा गम्भीर जोखिम उत्पन्न हुन सक्ने, अनावश्यक जटिलता बढ्न सक्ने तथा दीर्घकालीन हानि पुग्न सक्ने बताए ।

काउन्सिलले बिरामीलाई सामाजिक सञ्जालमा देखिएका अप्रमाणित सल्लाहको आधारमा औषधि प्रयोग नगरी योग्य तथा दर्ता प्राप्त चिकित्सकसँगको मात्र परामर्शमा औषधि लिन अनुरोध गरेको छ । काउन्सिलले बिरामीसँग सम्बन्धित श्रव्यदृश्य सामग्री सार्वजनिक नगर्न र गर्नुपर्ने अवस्था भएका बिरामीको अनुहार र पहिचान नखुलाउन आग्रह गरेको छ । रासस

# ‘ब्रान्ड’ बन्दै जस्बिरे चिया



**इलाम ।**
विसं २०४२ मा पत्रकार तथा लेखक स्वर्गीय भैरव रिसाल स्विस सरकारको सहयोगमा सञ्चालित एक आलुखेतीसम्बन्धी परियोजनामा काम गर्न हालको इलाम नगरपालिका–४ जस्बिरे गाउँ आइपुगेका थिए ।
रिसालले यहाँ आउँदा आलुखेती मात्र होइन चिया रोप्न पनि सिकाएका थिए । त्यतिखेर चियाखेतीबारे ज्ञान आर्जन गरेका स्थानीय सूर्य सुब्बालाई कुनै दिन आफ्ना छोराहरूले चिया उद्योग नै सञ्चालन गर्लान् भन्ने लागेको थिएन । तर अहिले उनका छोराहरूले सञ्चालन गरेको ‘जस्बिरे चिया प्रशोधन उद्योग’ चिया उद्योगका क्षेत्रमा ‘ब्रान्ड’ बनेको छ । सूर्यका चार भाइ छोरा छन् । त्यसमध्येका जेठो र माइलो शरद् र गृष्मले १० वर्षअघि जम्मा १४ लाख रूपैयाँ लगानीमा उद्योग सुरू गरेका थिए ।
हाल सो उद्योगको लगानी ८ करोड रूपैयाँ पुगिसकेको छ । उनीहरूले आफ्नो ६० रोपनी जमिनमा चियाखेती गरेका छन् । चार सय रोपनी जमिन भाडामा लिएर चियाखेती गरेका छन् । गाउँका १८५ घरपरिवारले उत्पादन गर्ने चिया यही उद्योगमा आउँछ । वार्षिक ३० हजार केजी तयारी अर्थोडक्स चिया उत्पादन गर्दै आएको यस उद्योगले यस वर्षदेखि एक लाख केजी तयारी चिया उत्पादन गर्ने लक्ष्य लिएको छ । यहाँ उत्पादित चियाको मुख्य बजार नेपालसहित अमेरिका, जापान, फ्रान्स, चीन, नेदरल्याण्ड, डेनमार्क, र जर्मनीलगायतका देश हुन् । जस्बिरे चिया प्रशोधन उद्योग ब्रान्डका रूपमा स्थापित हुनुका पछाडि सुब्बा परिवारको अथक मेहनत छ ।
सूर्यका जेठा छोरा गृष्म उद्योगको बजार व्यवस्थापन गर्छन् । माइला शरद् नेपालकै ‘बेस्ट टी मेकर’ छन् । उनले काठमाडौंमा आयोजित ‘नेपाल टी च्यालेन्ज–२०२४’ मा ‘बेस्ट टि मेकर’को अवार्डसमेत प्राप्त गरेका थिए । उनले चिया बनाउन थालेको २० वर्ष भइसकेको छ । उद्योगमा उत्पादन हुने सबै किसिमका चिया शरद बनाउँछन् । साहिँला छोरा निर्विकल्पको काम उद्योगको प्राविधिक पाटो हेर्ने हो । मेसिन फेर्ने, बनाउने वा हटाउनेसहितका काम उनको जिम्मामा छ ।
कान्छा छोरा विकल्प अस्ट्रेलियामा मार्केटिङ अध्ययनरत छन् । गृष्मका छोरा कर्म पनि भर्खरै पढाइ सकेर उद्योगमा काम गर्न आएका छन् । उनको काम विदेशी पाहुनालाई चियाको बारेमा जानकारी दिनु हो । यहाँ सुनकेसरी, रेडपान्डा, कोठीडाँडा ब्युटीलगायत नामका ३५ भन्दा बढी प्रकारका अर्गानिक अर्थोडक्स चिया उत्पादन हुने गरेको छ ।
’उद्योगमा हामी परिवारका सदस्य सबै खटिएका छौं,’ गृष्मले भने । हाल सात हजार केजी ‘स्पेशल टी’ र अन्य सबै किसिमका गरी ३० हजार केजी तयारी चिया उत्पादन हुने गरेको गृष्म बताउँछन् । जस्बिरे चिया उद्योगको पहिचान ‘स्पेशल टी’ हो । यस उद्योगमा ‘स्पेशल टी’ मात्र वार्षिक सात हजार केजी उत्पादन हुँदै आएको छ ।
’एक वर्षमा स्पेशल टी मोटामोटी सात हजार केजी उत्पादन हुन्छ । सुइरोबाट मात्र उत्पादित दुई हजार केजी हुन्छ । किनकी त्यसलाई धेरै मेहेनत पर्छ,’ माइला छोरा शरदले भने, ’अरू ‘स्पेशल टी’ एक पात एक सुइरो, दुई पात एक सुइरो, तीन वा चार पात एक सुइरोको फरक स्वाद हुन्छ । फरक सिजन, मौसम र उचाइअनुसार उत्पादन हुने चियाको स्वाद फरक हुन्छ । मूल्य पनि फरक हुन्छ ।’
उनका अनुसार विश्व बजारमा ‘स्पेशल टी’ को माग धेरै छ । यहाँ उत्पादन भएको ‘स्पेशल टी’ उद्योगले प्रतिकेजी १५ हजार रूपैयाँमा बिक्री गर्छ । दराज अनलाइनमा त्यही चियाको मूल्य ३५ हजार रूपैयाँ प्रतिकेजी रहेको छ । उनका अनुसार विदेशमा सोही चियाको प्रतिकेजी मूल्य एक लाख रूपैयाँ नेपालीसम्म पर्छ ।
गत वर्षसम्म उद्योगको क्षमताले माग धान्न सकेको थिएन । तर, यसवर्ष उद्योगमा पूर्वाधार र प्रविधि थपिएको छ । अब २५ हजार केजी तयारी चिया उत्पादन गर्दै आएको उद्योगले वार्षिक एक लाख केजी तयारी चिया उत्पादन गर्ने तयारी थालेको छ ।’ यसअघि आठ करोड रूपैयाँसम्मको कारोबार थियो, यस वर्षदेखि बढ्छ । वार्षिक एक लाख केजी तयारी चिया उत्पादन गर्न उद्योगको क्षमता बढाएका छौँ,’ गृष्मले भने, ’उद्योगमा नियमित काम गर्ने २६ जना हुनुहुन्छ । स्पेशल टी भएकाले मेसिनभन्दा बढी हातकै काम हुन्छ । टिप्ने, केलाउनेजस्ता काम भएकाले महिला कामदार बढी छन् ।’
दुई वर्षअघि उद्योग जलेर ध्वस्त भएको तीतो कथा पनि शरद्ले सुनाए । २०८१ फागुन १३ गते उद्योगमा आगलागी हुँदा आठ करोड रूपैयाँ मूल्य बराबरको क्षति भएको थियो । उनका अनुसार चार करोड बराबरको अर्गानिक अर्थोडक्स तयारी चिया र त्यति नै मूल्यको भौतिक संरचना जलेर नष्ट भएको थियो । विद्युत् सर्ट भई आगो लाग्दा उद्योग पूर्ण रूपमा जलेको थियो । ’पुनः शून्यबाट उठ्नुपर्ने अवस्था भएकाले हाल बैंकको ऋण चार करोड रूपैयाँ छ,’ उनले भने ।
जस्बिरे गाउँका सबै घरपरिवारको मूख्य आयस्रोत चियाखेती नै हो । ’गाउँमै उद्योग छ । नबिक्ला की भन्ने पीर छैन । अन्य खेती छोडेर गाउँ नै चियामय बनाइयो,’ स्थानीय किसान मिलन मुखियाले भने, ’सुब्बा परिवारको उद्योगले हामी गाउँलेलाई झन् सजिलो भएको छ । ’जस्बिरेमा चिया रोप्नुपर्छ भन्ने सुरूआत लेखक तथा पत्रकार स्व भैरव रिसालले गरेका थिए । उनी पहिलोपटक विसं २०४२ मा जस्बिरे आएका थिए ।
’भैरव सरले हामीलाई आलु रोप्ने उन्नत विधि सिकाउनुभयो । उहाँकै सक्रियतामा यहाँ चिया विस्तार आयोजनाको अवधारणा सुरू भयो,’ सूर्य सुब्बाले भने, ’त्यसपछि जस्बिरेमा चिया विस्तार आयोजना कार्यालय हुँदै देशमा राष्ट्रिय चिया तथा कफी विकास बोर्ड स्थापना भयो । भैरव सरले यहाँ आएर आलु, चियाखेती गर्न मात्र होइन, गाउँमा विकासको लहर भित्र्याएर जानुभएको थियो । ’त्यसो त जस्बिरे गाउँ र चियाको इतिहास सुब्बा परिवारसँग जोडिएको छ । राणाकालमा जस्बिर सिंह सुब्बाको नामबाट जस्बिरे गाउँ रहेको बताइन्छ ।
तिनै जस्बिर सिंह, सूर्य सूब्बाका हजुरबुवा थिए । तत्कालीन राणाहरू सदरमुकाम स्थापनाका लागि विभिन्न ठाउँ हुँदै कुटीडाँडासम्म आइपुगेका थिए । उनीहरूसँगै आएका विभिन्न जातजातिका मानिसमध्ये जस्बिर सुब्बा पनि एक थिए । अरू सबै फर्किए, तर जस्बिर सुब्बा भने त्यहीँ बसिरहे । समय बित्दै जाँदा उहाँको बसोबास रहेको ठाउँ ‘जस्बिरे’ नामले चिनिन थालेको इतिहासमा पाइने पत्रकार महासङ्घ इलामका पूर्वअध्यक्ष सटेन्द्र जबेगुले बताए ।
उद्यमी गृष्मका अनुसार, चिया तीन प्रकारको हुन्छ । सिटिसी, अर्थोडक्स र स्पेशल । सिटिसी मधेसमा उत्पादन मात्र हुन्छ । अर्थोडक्स पहाडमा हुन्छ । अन्तरराष्ट्रिय बजारमा बढी माग हुने अर्गानिक स्पेशल टी हो । ‘जस्बिरेमा चिया बुझ्न देश, विदेशका पाहुना आउँछन् । हामी उत्पादन, प्रशोधन र मार्केटिङसम्मका कुरा सिकाएर पठाउँछौं,’ उनले भने । उहाँहरू जिल्लाकै सफल र उदाहरणीय उद्यमी रहेको इलाम नगरपालिकाका नगरप्रमुख केदार थापाले बताए । ‘हामीले धेरै अनुदान दिएर होइन । आफ्नै बलबुता र अध्ययनले स्थापित हुनुभएको हो,’ प्रमुख थापाले भने । सरकारको अनुदानभन्दा पनि आफैं गर्नुपर्छ भन्ने हिम्मत आवश्यक रहेको गृष्मको भनाइ छ ।
’हामीले यस्तो चिया उत्पादन गर्छौं भन्ने कुरा संसारका मान्छेलाई थाहा छैन । त्यो काम हाम्रो पहुँचले भ्याउँदैन । यस्तो कुराचाहीँ सरकारले मार्केटिङ गर्दिए हुन्थ्यो जस्तो लाग्छ,’ उनले भने, ’अनुदानका नाममा एक बेला उन्नति परियोजनाले हामीलाई ५० प्रतिशत अनुदान दियो । त्यो बेला हाम्रो उद्योग सानो थियो । हामीलाई सतप्रतिशत अनुदान पा जस्तै भयो । हामीलाई रू ७० लाख जति अनुदान दिइएको थियो ।’ रासस

# महिलालाई आत्मनिर्भर बनाउँदै सहकारी

**तनहुँ ।**
तनहुँको देवघाट गाउँपालिका–५ चक्रवर्ती सामाजिक उद्यमी महिला सहकारी संस्थाले दुग्धजन्य उत्पादन बिक्री गर्न प्रत्येक साताको एक दिन मेला सञ्चालन गर्न थालेको छ ।
गाउँपालिकाको एकमात्र महिला सहकारी संस्थाको रूपमा रहेको उक्त सहकारीले सदस्य महिलाहरूको आयआर्जन र आर्थिक समृद्धिका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । सोहीअनुसार सदस्यहरूद्वारा उत्पादित दुग्धजन्य वस्तु तथा कृषिउपज प्रवद्र्धन र बिक्री गर्न प्रत्येक साताको शुक्रबार मेला सञ्चालन गर्न थालेको हो । मेलामार्फत दुग्धजन्य पदार्थ बिक्री गरिने सहकारीका अध्यक्ष सावित्री न्यौपानेले बताइन् ।
सहकारी संस्थाकी व्यवस्थापक संगीता ओझा भुर्तेलले मेलाका दिन दुग्धजन्य वस्तुको बिक्रीमा विशेष छुट दिइने जानकारी दिइन् । उनका अनुसार मेलामा दूध, दही, पनिर, कुल्फी, घ्यु, मोही, लस्सी, पनिर मःम, पनिर पकौडा, घ्यूमा पकाएको सेलरोटी, दही पुरी तथा स्थानीय अर्गानिक कृषिउपज वस्तुहरू बिक्री गरिन्छ ।
देवघाटका महिलाहरूले सञ्चालन गरेको उक्त सहकारीले बचत तथा ऋणको कारोबारसँगै दूध संकलन, दुग्धजन्य वस्तुको उत्पादन, डेरी सञ्चालन, पशुपालन, तरकारी खेती तथा सामूहिक नगदेबाली खेतीजस्ता आयआर्जनमा सदस्यहरूलाई आबद्ध गराउँदै आएको छ ।
सहकारीमा हाल दैनिक ६०० लिटरभन्दा बढी दूध संकलन हुँदै आएको छ । संकलित दूधलाई आफ्नै उद्योगबाट विभिन्न वस्तु बनाई बिक्री गर्दै आइरहेको छ । सहकारीमा हाल ८१९ जना शेयर सदस्य छन् । सहकारीमा देवघाटको वडा नम्बर ५ तथा वडा नम्बर ४ र १ का महिलाहरू सदस्य छन् । शेयर सदस्यमध्ये अधिकांश पशुपालनमा संलग्न छन् । शेयर सदस्यहरूले उत्पादन गरेको दूध सहकारीले खरिद गरी दुग्धजन्य वस्तुहरू उत्पादन गरी बिक्री गर्दै आएको छ ।
सहकारीको आफ्नै चक्रवर्ती डेरी उद्योगबाट उत्पादित दुग्धजन्य वस्तुहरू चितवनको नारायणगढ, भरतपुर, मुग्लिङ, हेटौँडा, कावासोती, गैँडाकोटलगायतका बजारहरूमा डेरी पसलमार्फत बिक्री हुँदै आएको छ भने सहकारीको भवनबाट पनि उल्लेख्य मात्रामा बिक्री हुँदै आएको व्यवस्थापक ओझाले बताइन् । उनका अनुसार हाल उक्त डेरी उद्योगमार्फत मासिक दश लाख रुपैयाँको दुग्धजन्य उत्पादनको कारोबार हुँदै आएको छ । सहकारीलाई देवघाट गाउँपालिकाले दूधमा प्रोत्साहन रकम उपलब्ध गराएको छ भने उत्पादित वस्तुहरूको बजारीकरणमा हेफर इन्टरनेशनल नेपालले सहयोग गर्दै आएको छ । रासस

# तेल खरिदमा अमेरिकाले लगाएको प्रतिबन्ध फुकुवा थप बिस्तार



**वासिङ्टन ।**
अमेरिकी ट्रम्प प्रशासनले एक महिना लामो प्रतिबन्धमा छुट जारी गर्दै समुद्रमा रहेका रुसी तेल र पेट्रोलियम पदार्थको बिक्रीलाई अनुमति दिने निर्णयलाई शुक्रबार थप बिस्तार गरेको छ ।
ट्रेजरी डिपार्टमेन्टले जारी गरेको इजाजतपत्र ट्रेजरी सेक्रेटरी स्कट बेसेन्टले वाशिङ्गटनले रुसी तेल र पेट्रोलियम पदार्थको बिक्रीका लागि छुट नवीकरण नगर्ने बताएको दुई दिनपछि आएको हो ।
अमेरिकी प्रशासनको पछिल्लो निर्णयले शुक्रबारसम्म कुनै पनि जहाजमा लोड गरिएको रूसबाट अन्य मुलुक जाने तेल र पेट्रोलियम उत्पादनहरूको खरिदको लागि अनुमति दिन्छ । यसले यस पहिले अप्रिल ११ सम्मका लागि प्रतिबन्धलाई खुकुलो बनाउने अमेरिकाको योभन्दा पहिलेको निर्णयलाई लम्ब्याएको छ ।
बुधबार बेसेन्टले पत्रकारहरूसँग संयुक्त राज्य अमेरिकाले रूसी तेल वा इरानी तेलको लागि यस्तो छुटलाई विस्तार नगर्ने बताएका थिए । दुबै निर्णयको उद्देश्य इरानविरुद्ध अमेरिका–इजरायल युद्धबाट विश्वव्यापी आपूर्तिको झट्कालाई कम गरे ।
तेहरानले आक्रमणको प्रतिकार गर्दै ऊर्जा ढुवानीको लागि एक प्रमुख जलमार्ग हर्मुज घाँटीलाई पनि प्रभावकारी रूपमा बन्द गरेर आक्रमणको विरोध जनाउँदै आएको छ ।
हर्मुजमा आवतजावतमा इरानले गरेको कडाइका कारण विश्वव्यापीरूपमा तेलको मूल्य बढेको छ, जसले इन्धनका लागि विशेष गरी यस क्षेत्रबाट ऊर्जा निर्यातमा निर्भर ती देशहरूलाई समस्यामा पारेको छ ।
यो अवधिमा अमेरिकी पेट्रोलको मूल्य पनि बढेको छ, जसले यस वर्षको प्रमुख मध्यावधि चुनावको अगाडि अमेरिकी नागरिकहरूको जनजीवनलाई समेत प्रभावित गरेको छ । यस्तो छूटले रूसलाई युक्रेनविरुद्धको युद्धका लागि आवश्यक तेलको राजस्वबाट वञ्चित गर्ने प्रयासलाई जटिल बनाउन सक्छ ।
अमेरिकी वर्तमान् प्रशासनको निर्णयको विरोध गर्दै अमेरिकी सिनेटका डेमोक्र्याट् सदस्यहरू ज्यान साहिन, चक सुमर र एलिजावेथ वारेनले संयुक्त विज्ञप्ति जारी गरी निर्णयलाई ‘लज्जास्पद’ भनेका छन् ।
अमेरिकी संसद्का सदस्यहरूले भने, ’यो निर्णय लज्जास्पद छ र यो सेक्रेटरी बेसेन्टले रूसलाई प्रतिबन्ध राहत नदिने प्रतिबद्धता व्यक्त गरेको दुई दिन पछि आएको शत प्रतिशत उल्टो निर्णय हो ।’
’कुनै गल्ती नगर्नुहोस्, राष्ट्रपति ट्रम्पको इरान बिरूद्ध युद्धको सबैभन्दा ठूलो लाभग्राहीमध्ये पुटिन एक हुनुभएको छ किनकि रूसले मार्चमा तेलको राजस्व लगभग दोब्बर देखेको थियो,’ उनीहरूले थपे ।
यसै हप्ता वासिङ्टनमा भएको विश्वका शक्तिशाली सात अर्थतन्त्रहरूको समूह (जि–७) का अर्थमन्त्रीको बैठकपछि फ्रान्सका अर्थमन्त्री रोलान्ड लेस्क्युरले ‘इरानमा जे भइरहेको छ, त्यसबाट रुसले फाइदा लिनु हुँदैन’ भन्ने कुरामा जोड दिएका थिए । उनले युक्रेनलाई ‘संपाश्विक क्षति’ पनि नहुने बताए ।
सन् २०२२ मा युक्रेनमा सुरु भएको रुसको आक्रमण दोस्रो विश्वयुद्धपछि युरोपमा सबैभन्दा घातक द्वन्द्व बनेको छ भने अमेरिका र इजरायलले इरानमाथि गरेको आक्रमणले विश्वव्यापीरूपमा इन्धनको मूल्य बढाएको छ । रासस

# सम्झौता नभएसम्म इरानी बन्दरगाहमा नाकाबन्दी जारीः ट्रम्प



**अमेरिका ।**
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले तेहरानसँग शान्ति सम्झौतामा नभए सम्म इरानी बन्दरगाहहरूमा अमेरिकी नाकाबन्दी कायम राख्ने योजना बनाएको बताएका छन् ।
इजरायल र लेबनानबिचको युद्धविराम सम्झौता पछि इरानले शुक्रबार स्ट्रेट अफ होर्मुज पुनः खोलेको छ, यद्यपि तेहरानले अमेरिकी नाकाबन्दी जारी रहेमा होर्मुज जलमार्ग फेरि बन्द गर्ने धम्की दिएको छ ।
तेहरान र वासिङ्टनबीच यस अघि भएको युद्धविराम बुधवार समाप्त हुने भएको छ । युद्धविराम विस्तार हुन्छ कि हुदैन भनेर सोधिएको प्रश्नमा ट्रम्पले पत्रकारहरूलाई युद्धविराम विस्तार नगर्ने तर नाकाबन्दी जारी राख्ने बताएका हुन् ।
यस अघि पाकिस्तानमा भएको वार्तामा अमेरिका र इरानका मागहरू बीच मुख्य भिन्नता भएका कारण सहमतिमा पुग्न असफल भएका छन् । ट्रम्पले पत्रकारहरूलाई इरानले स्ट्रेट अफ होर्मुज हुँदै जाने जहाजहरूमा “कुनै शुल्क नलगाउने बताए । सामाजिक सञ्जाल ट्रुथमा उनले होमूज खोल्दा चिनियाँ राष्ट्रपति सी जिनपिङ धेरै खुसी भएको बताएका छन् ।
आगामी मे महिनामा बेइजिङमा आयोजना गरिएको शिखर सम्मेलनलाई उल्लेख गर्दै ट्रम्पले चीनमा आफ्ना समकक्षी सी जिनपिङसँग विशेष र ऐतिहासिक भेटघाट हुने बताए ।
फेब्रुअरी– २८ देखि सुरु भएको युद्ध अन्त्य गर्ने योजना अन्तर्गत तेहरानले इरानमा भण्डार गरिएको युरेनियम संयुक्त राज्य अमेरिकालाई हस्तान्तरण गर्नु पर्ने कुरामा पनि ट्रम्पले जोड दिए । यस अघि इरानको विदेश मन्त्रालयले आफ्नो युरेनियम कतै पनि हस्तान्तरण नगर्ने बताएको थियो । रासस

# पर्यटकीयस्थल घोडेपानी जोड्ने सडक श्रमदानबाट मर्मत



**म्याग्दी ।**
स्थानीयले श्रमदान गरेर म्याग्दीको अन्नपूर्ण गाउँपालिका–६ मा रहेको पर्यटकीयस्थल घोडेपानी जोड्ने सडकको लुलियाघुम्ती खण्डको मर्मत गरी सहज यातायात सञ्चालनको व्यवस्था मिलाएका छन् । पोखरेबगर–घोडेपानी सडकको लुलियाघुम्तीमा दुर्घटना बढ्न थालेपछि स्थानीयले श्रमदानमार्फत मर्मत गरेका हुन् ।

पोखरेबगर, कुरमुनी, हल्लेखर्क, बिरौटा, भुवानीथान र घारगाउँका ८० जनाले दुईदिने श्रमदान गरेर मर्मत गरेका पोखरेबगर युवा क्लबका अध्यक्ष रामकृष्ण खड्काले जानकारी दिए । अन्नपूर्ण गाउँपालिकाले उपलब्ध गराएको जाली भरेर १३ घनमिटर पर्खाल निर्माण र उकालो घुम्तीमा करिब ३० मिटर दूरीमा ढुङ्गा बिछ्याइएको छ । मर्मतपछि सडकमा सहज रूपमा सवारीसाधन सञ्चालन हुन थालेका उनले बताए ।

अन्नपूर्ण गाउँपालिका–६ का वडाध्यक्ष रामबहादुर खड्का, स्थानीय राजाराम बरुवाल, बिपिन बरुवाल, रामकृष्ण खड्काको समन्वयमा सडक मर्मतका लागि यसै हप्ता श्रमदान अभियान सञ्चालन भएको थियो । सडक मर्मतका क्रममा ढुङ्गा ढुवानी, खाजा, डोजर परिचालनका लागि मुक्तिनाथ केबुलकार प्रालिबाट रु ५० हजार नगद र अन्य दाताहरूबाट सामग्री सहयोग भएको छ । लुलियाघुम्ती र हल्लेखर्च पहिरो क्षेत्रमा सडकको जीर्ण अवस्थाका कारण स्थानीयवासीका साथै पर्यटकीयस्थल घोडेपानी भ्रमणमा जाने पर्यटकलाई समस्या हुँदै आएको थियो । स्थानीय उद्यमी शिव खड्काका अनुसार पहिरोका कारण साँघुरिएको, ग्रेड र मोड नमिलेको लुलियाघुम्ती र हल्लेखर्क पहिरोमा सवारीसाधन उक्लन नसक्ने, बीचैमा अड्किने, दुर्घटना हुनेलगायत समस्या बढेको थियो ।

सङ्घीय सरकारले बजेट विनियोजन गरेको योजना कार्यान्वयनमा भएको ढिलाइका कारण जोखिम बढेपछि समुदायस्तरमा श्रमदान गरेर अस्थायी रूपमा मर्मत थालिएको वडाध्यक्ष रामबहादुर खड्काले बताए । 'लुलियाघुम्ती, हल्लेखर्कको सडक सुधारका लागि स्थानीय पूर्वाधार विकास कार्यालय पोखराले आयोजना कार्यान्वयनमा गरेको ढिलाइले दुर्घटनाको जोखिम र सास्ती बढाएको छ', उनले भने, 'जनप्रतिनिधिबाट निरन्तर ताकेता भएपछि कार्यालयले बिहीबार मात्रै तीन करोड बजेट विनियोजन भई आयोजना कार्यान्वयनका लागि ठेक्का आह्वान गरेको छ ।'

घोडेपानीको वनपाखा लालीगुराँस फुलेर रङ्गिएको छ । कास्कीको बिरेठाटीतर्फबाट पनि घोडेपानी सडकले जोडिएको छ । बिरेठाँटी उल्लेरी हुँदै घोडेपानी जोड्ने सडक नयाँ मार्ग खुलेकाले भालेओडार क्षेत्रमा हिलोमा फस्ने समस्या रहेको स्थानीय बताउँछन् । लालीगुराँसको जङ्गल, पुनहिलबाट हिमशृङ्खला अवलोकनका लागि सवारीसाधन चढेर घोडेपानी जाने आन्तरिक पर्यटकको घुइँचो बढेको छ । रासस

# बागमती प्रदेश: २७ अर्ब ९३ करोड राजस्व सङ्कलन




**बागमती ।**
बागमती प्रदेश सरकारले चालु आर्थिक वर्षको नौ महिना वार्षिक लक्ष्यको ४१ दशमलव ४० प्रतिशत अर्थात् २७ अर्ब ९३ करोड ३० लाख दुई हजार रुपैयाँ राजस्व सङ्कलन गरेको छ ।

घरजग्गा रजिष्ट्रेशन (मालपोत) र सवारीसाधन कर प्रदेश सरकारको राजस्व सङ्कलनको मुख्य आयस्रोत मानिन्छ । दुवै शीर्षकसहित बाँडफाँड आव २०८२ र ८३ को साउनदेखि चैत महिनासम्ममा ३० अर्ब ८९ करोड ११ लाख ८९ हजार रुपैयाँ राजस्व सङ्कलन हुने अनुमान गरिएकामा लक्ष्यको ५५ दशमलव ०७ प्रतिशत अर्थात् १७ अर्ब एक करोड दुई लाख ६३ हजार रुपैयाँ राजस्व सङ्कलन भएको बागमती प्रदेश सरकारका आन्तरिक मामिला तथा योजना विकास मन्त्रालयका अधिकृत इन्द्रराज सञ्ज्यालले जानकारी दिए ।

उनका अनुसार चालु आव २०८२ र ८३ मा घरजग्गा रजिष्ट्रेशन शीर्षकबाट सात अर्ब ७० करोड रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकामा नौ महिनामा तीन अर्ब ५२ करोड ६२ लाख ५३ हजार रुपैयाँ राजस्व सङ्कलन भएको छ ।

त्यसैगरी प्रदेश सरकारले सवारीसाधन जाँचपास, रुट पर्मिट, सवारीचालक अनुमतिपत्र वितरण तथा नवीकरणअन्तर्गत सवारी कर शीर्षकबाट आव २०८२र८३ मा आठ अर्ब २५ करोड रुपैयाँ अनुमान गरिएकामा पाँच अर्ब छ करोड ५२ लाख ६२ हजार रुपैयाँ राजस्व सङ्कलन गरेको छ ।

प्रदेश सरकारले बाँडफाँटबाट प्राप्त हुने मूल्य अभिवृद्धि करबापत आठ अर्ब ७९ करोड ८६ लाख ६७ हजार रुपैयाँ प्राप्त हुने अनुमान गरिएकामा सो अवधिसम्ममा पाँच अर्ब ६९ करोड छ लाख ७२ हजार रुपैयाँ सङ्कलन भएको छ ।

अन्तःशुल्क करबापत चार अर्ब तीन करोड ७९ लाख नौ हजार रुपैयाँ प्राप्त हुने अनुमान गरिएकामा एक अर्ब ९९ करोड १५ लाख ५६ हजार रुपैयाँ प्राप्त भएको मन्त्रालयले जनाएको छ ।

त्यसैगरी सङ्घीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदानअन्तर्गत १४ अर्ब ८१ करोड ९३ लाख रुपैयाँ प्राप्त हुने अनुमान गरिएकामा नौ महिनामा त्यसको ५३ दशमलव ६० प्रतिशत अर्थात् सात अर्ब ९४ करोड २७ लाख ५६ हजार रुपैयाँ प्राप्त भएको अधिकृत सञ्ज्याललले बताए ।

चालु आवमा प्रदेश सरकारको आन्तरिक स्रोतबाट सङ्कलित राजस्वबाट चार अर्ब ७७ करोड ७४ लाख २५ हजार रुपैयाँ प्राप्त हुने अनुमान गरिएकामा नौ महिनामा लक्ष्यको ५९ दशमलव ८३ प्रतिशत अर्थात् दुई अर्ब ८५ करोड ८१ लाख ५६ हजार रुपैयाँ प्राप्त भएको मन्त्रालयले जनाएको छ ।

आर्थिक तरलताका कारण घरजग्गा तथा नयाँ सवारीसाधन खरिद बिक्री कारोबारमा आएको कमी, गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा प्रदेश सरकारको राजस्व सङ्कलन गर्ने विभिन्न निकायमा पुगेको क्षतिलगायतका कारण अपेक्षाकृत राजस्व सङ्कलन हुन नसकेको जनाइएको छ । रासस

# भ्रष्टाचारजन्य कसुरमा मुद्दाको संख्या तेब्बरले वृद्धि




**काठमाडौं ।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पछिल्ला पाँच वर्षमा सार्वजनिक पद धारण गरेका राजनीतिक पदाधिकारी, जनप्रतिनिधि र कर्मचारीविरुद्ध उल्लेख्य सङ्ख्यामा भ्रष्टाचारजन्य कसुरमा मुद्दा दायर गरेको छ । सो अवधिमा कुल एक लाख ६६ हजार ५२० उजुरी परेकामा एक लाख २१ हजार ९४३ (७३ दशमलव २३ प्रतिशत) फछ्र्यौट भई ७९८ मुद्दा दायर भएका छन् । ती मुद्दामा चार हजार ६६२ जनालाई प्रतिवादी बनाई ३१ अर्ब ५२ करोड २५ लाख पाँच हजार ५७३ रुपैयाँ बिगो दाबी गरिएको छ ।

यी मुद्दामा विशेष अदालतबाट सरदर ५५ प्रतिशत कसुर स्थापित भएको छ भने कसुर स्थापित नभएकामध्ये ७१९ मुद्दामा अख्तियार दुरुपयोग अनुसन्धान आयोग पुनरावलोकनका लागि सर्वोच्च अदालत गएको छ । पुनरावलोकन गरिएकामध्ये नौ मुद्दामा अख्तियारको माग दाबीअनुसार सर्वोच्च अदालतबाट ठहर भएको आयोगले जनाएको छ ।

आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईसहितका पदाधिकारीले २०७७ माघ २१ गतेदेखि पद बहाली गरेका थिए । आर्थिक वर्ष २०७७–७८ को तुलनामा पछिल्लो आर्थिक वर्षमा उजुरी, फछर्यौट र मुद्दा दायरको आँकडा बढ्दो देखिएको छ । आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार आर्थिक वर्ष २०७७–७८ को माघसम्ममा १२ हजार ४९६ उजुरी र ४६ मुद्दा दायरी भई २३० प्रतिवादी रहेकामा चालु आर्थिक वर्षको गत चैत मसान्तसम्म २८ हजार ४१६ उजुरी र १२१ मुद्दा दायर भई ४२९ प्रतिवादी छन् । आर्थिक वर्ष २०७७–७८ मा दायर भएका मुद्दामध्ये ६८ प्रतिशत कसुर स्थापित भएका थिए भने चालु आर्थिक वर्षको चैतसम्ममा ४८ दशमलव ८५ प्रतिशत कसुर स्थापित भएका छन् ।

यसैगरी, आव २०७८–७९ मा २४ हजार ३३१ उजुरी परेकामा ७० दशमलव ५६ प्रतिशत फछर्यौट भई १३१ मुद्दा दायर भई ६३९ प्रतिवादी रहेका थिए । आव २०७९–८० मा २८ हजार ६५ उजुरी परेकामा ६६ दशमलव ९८ प्रतिशत फछर्यौट भई १६१ मुद्दा दायर भएकामा ७६६ प्रतिवादी कायम गरिएको थियो । यी मुद्दामा ३३ दशमलव ४३ प्रतिशत कसुर स्थापित भएका छन् ।

आर्थिक वर्ष २०८०–८१ मा ३६ हजार १८६ उजुरी परेकामा ७६ दशमलव ५९ प्रतिशत फछर्यौट भई २०१ मुद्दामा गरी एक हजार ५४५ प्रतिवादी रहेका थिए । यसमध्ये ६५ दशमलव ६७ प्रतिशत कसुर स्थापित भएको थियो । आव २०८१–८२ मा ३७ हजार २६ उजुरीमध्ये ८० दशमलव २२ प्रतिशत फछर्यौट भई १३७ मुद्दामा ७५३ प्रतिवादी कायम भए । यीमध्ये ५२ दशमलव ६७ प्रतिशत कसुर स्थापित भएको थियो । संसद्को गत अधिवेशनमा पेस भएको अख्तियारको ३५औँ वार्षिक प्रतिवेदनमा प्रदेशगत आधारमा हेर्दा बागमती प्रदेशमा सङ्घीय निकाय वा पदाधिकारीसम्बन्धी उजुरीको सङ्ख्या बढी देखिएको छ ।

'स्टिङ अपरेसन'का सम्बन्धमा सर्वोच्च अदालतबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० अमान्य र बदर हुने गरी २०७८ वैशाख ८ मा फैसला भएका कारण त्यसयता घूस ९रिसवत० सम्बन्धी भ्रष्टाचार मुद्दाको सफलता दर केही घट्न गएको आयोगको बुझाइ छ ।

आयोगले प्राप्त उजुरी, आयोगको अनुसन्धान र विद्यमान कानुनी व्यवस्थाअनुसार मुद्दा अघि बढाउने भएकाले विशेष अदालतको फैसलाबारे पुनरावलोकनबाहेक अरू विकल्प आफूहरुसँग नहुने प्रवक्ता न्यौपानेको भनाइ छ ।

नेपालको संविधानको भाग २१ बमोजिम दुरुपयोग अनुसन्धान आयोगले कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानुनबमोजिम अनुसन्धान गरी वा गराई त्यस्तो अनुसन्धानबाट कसुरदार देखिएमा त्यस्ता व्यक्तिउपर विशेष अदालतमा मुद्दा दायर गराउँदै आएको छ ।

आयोगले भ्रष्टाचारजन्य कसुरको अनुसन्धान र अभियोजन गर्ने वा गराउने कार्यका अतिरिक्त भ्रष्टाचार नियन्त्रणका लागि विभिन्न प्रकारका निरोधात्मक, प्रवद्र्धनात्मक र संस्थागत क्षमता विकासका रणनीतिहरु तय गरी सदाचार, निष्पक्षता, निडरता, पेसागत विशिष्टता र प्रमाणमा आधारित अनुसन्धान एवं अभियोजनजस्ता मूल्यमान्यताका आधारमा आफ्नो संवैधानिक दायित्व निर्वाह गर्दै आएको प्रवक्ता न्यौपानेले बताए ।

शीर्षनेता, जनप्रतिनिधि र उच्च कर्मचारीसम्म प्रतिवादी

आयोगले यसबीचमा दायर गरेका मुद्दामा प्रतिवादी बनाइएकामा तत्कालीन प्रधानमन्त्रीदेखि स्थानीय तहका जनप्रतिनिधिसम्म छन् । आयोगका अनुसार २०७७ माघ २१ देखि गत चैत मसान्तसम्ममा यस वर्गमा १०२ प्रतिवादी भएका छन् ।

प्रतिवादी बनाइएकामा पतञ्जली योगपीठको जग्गा साटफेर प्रकरणमा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपाल, वाइडबडी खरिदमा तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनबहादुर शाही, टेरामक्स खरिदमा तत्कालीन सूचना तथा प्रविधिमन्त्री मोहनबहादुर बस्नेत, लिची बगैँचा जग्गाको घूस रिसवतमा तत्कालीन सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ता र तत्कालीन भूमि व्यवस्था, सहकारी र गरिबी निवारणमन्त्री रंजिता श्रेष्ठविरुद्ध मुद्दा दायर भएको छ ।

पोखरा अन्तरराष्ट्रिय विमानस्थल निर्माणको अनियमितता मुद्दामा तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री भीमप्रसाद आचार्य र दीपक चन्द अमात्य तथा तत्कालीन अर्थमन्त्री डा रामशरण महत प्रतिवादी रहेका छन् । यस्तै, भन्सार छलेर सुन ल्याएको आरोपमा पूर्वसभामुख कृष्णबहादुर महराविरुद्ध आयोगले मुद्दा दायर गरेको छ । यसैगरी, विभिन्न प्रदेशका मन्त्री, सांसद, नगर तथा गाउँपालिकाका प्रमुख र अध्यक्ष तथा उपप्रमुख र उपाध्यक्षविरुद्ध पनि मुद्दा दायर भएको छ ।

यसैगरी, पूर्वमुख्यसचिव डा वैकुण्ठ अर्यालविरुद्ध अन्तःशुल्क स्टिकरमा मुद्दा दायर भई किनारा लागिसकेको छ भने नेपाल सरकारका तत्कालीन सचिवहरु रामकुमार श्रेष्ठविरुद्ध गैह्रकानुनी सम्पत्ति आर्जन, शंकरप्रसाद अधिकारीविरुद्ध वाइडबडी खरिद, सञ्जय शर्माविरुद्ध नेसनल पेमेन्ट गेटवे, छविराज पन्तविरुद्ध पतञ्जली योगपीठ जग्गा साटफेरमा मुद्दा दायर गरिएको छ ।

तत्कालीन सचिवहरु सुशील घिमिरे, सुरेशमान श्रेष्ठ, सुमनप्रसाद शर्मा र भेषराज शर्माविरुद्ध विमानस्थल निर्माणमा लागत बढाइएको विषयमा मुद्दा दायर भएको छ । यस्तै, विभिन्न सहसचिव, महानिर्देशकहरु, प्रदेश सचिव, सञ्चालक समितिका अध्यक्ष, सदस्य तथा विभिन्न कर्मचारीविरुद्ध मुद्दा दायर भएको आयोगले जनाएको छ । सम्पत्ति शुद्धीकरण ९मनी लाउन्डरिङ० निवारण ऐन, २०६४ मा भएको हालको संशोधित व्यवस्थाअनुसार आयोगले भ्रष्टाचारजन्य कसुरको अनुसन्धान गर्ने क्रममा सम्पत्ति शुद्धीकरण कसुरका तत्व देखिएमा सोको समेत अनुसन्धान गर्ने व्यवस्था रहेको छ । रासस

# विषादी अवशेष न्यूनीकरण गर्न 'फुड–बैंक'

**काभ्रेपलाञ्चोक ।**
पनौतीमा प्रविधिको प्रयोगद्वारा तरकारी तथा फलफूलका विषादीको अवशेष न्यूनीकरण गर्न फुड बैंक सञ्चालनमा ल्याइएको छ । पनौती नगरपालिका–४ स्थित ठाडोबाटोमा राष्ट्रिय कृषि कम्पनी नेपालको सहायक कम्पनी आरकेसिएनएल फुड बैंक लिमिटेडले सो 'फुड बैंक' सञ्चालनमा ल्याएको हो ।

कम्पनीले 'ओजोन वास' प्रविधिद्वारा तरकारी तथा फलफूलको बाहिरी भागमा रहेको विषादीको अवशेषलाई ९९ प्रतिशतसम्म कम गर्ने जनाएको छ । उक्त प्रविधियुक्त फुड बैंकमा स्थानीयस्तरमै उत्पादन भएको तरकारी–फलफूललाई 'ओजोन वास' गरी उपभोक्तालाई उपलब्ध गराइने फुड बैंकका अध्यक्ष विशाल हुमागाईँले बताए ।

'फुड बैंकमार्फत कृषक र उपभोक्तालाई प्रत्यक्ष लाभ पुर्याउने उद्देश्य राखेका छौँ, यसले बिचौलियालाई समावेश हुन दिँदैन' उनले भने । लिमिटेडले शनिबार औपचारिक कार्यक्रमका बीच फुड बैंकको शुभारम्भ गरेको हो । विशेषगरी काभ्रेपलाञ्चोकको तीन स्थानीय तह पनौती, बेथानचोक र बनेपाका कृषकलाई समेटेर पहिलो चरणमा कार्यक्रम सुरु गरिएको अध्यक्ष हुमागाईले जानकारी दिए । उनका अनुसार क्रमशः जिल्लाका करिब ६० हजार कृषकसम्म यो कार्यक्रम विस्तार गर्ने लक्ष्य राखिएको छ ।

उक्त फुड बैंकमा ताजा तरकारी र फलफूल सङ्कलन गर्दै ओजोन वास गरी बिक्री वितरणका लागि राखिनेछ । बैंकमा पाँच हजार केजी क्षमताका दुई शीत भण्डारकोसमेत व्यवस्था गरिएको छ । कम्पनीले प्रयोगमा ल्याएको ओजोन वास प्रविधिअन्तर्गत ओजोनयुक्त पानी प्रयोग गरी तरकारी तथा फलफूलमा रहेका विषादी अवेष न्यूनीकरण गर्दै जीवाणुसमेत नष्ट गरिन्छ । यसले कीटनाशक अवशेष हटाउने, दुर्गन्ध तथा हानिकारक तत्व हटाउने, साथै खाद्य पदार्थको 'सेल्फ लाइफ' बढाउने काम जनाइएको छ । यस प्रविधिबाट उपभोक्ताले सुरक्षित र स्वास्थ्यकर खाद्य पदार्थ उपभोग गर्न पाउने विश्वास गरिएको छ । यस्तो प्रविधि जिल्लामै पहिलोपटक सञ्चालनमा ल्याइएको हो । रासस

# विनवारीमा जैविक तटबन्ध निर्माण सुरु



**कञ्चनपुर ।**
दोदा नदीको कटानबाट उच्च जोखिममा रहेको लालझाडी गाउँपालिका–१ विनवारीमा जैविक तटबन्ध निर्माण सुरु गरिएको छ । गैरसरकारी संस्थासँगको लागत साझेदारीमा गाउँपालिकाले करिब ६ सय मिटर लामो तटबन्ध निर्माण सुरु गरेको हो ।

पेसवान र एनएनएसडब्लुए नामक संस्थासँगको सहकार्यमा योजना कार्यान्वयन गरिएको गाउँपालिका अध्यक्ष निर्मल रानाले जानकारी दिए । उनका अनुसार तटबन्ध निर्माणका लागि गाउँपालिकाले २२ लाख दुई हजार ८८५ रूपैयाँ, पेसवानले १३ लाख ७४ हजार ७१८ रूपैयाँ र एनएनएसडब्लुएले सात लाख ६६ हजार ८४ रूपैयाँ लागत साझेदारी गरेका छन् ।

स्थानीय समुदायले एक लाख ३५ हजार रूपैयाँ बराबरको जनश्रमदान गर्नेछन् भने प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत अदक्ष कामदार परिचालन गर्ने व्यवस्था मिलाइएको छ । विनवारी क्षेत्रमा दोदा नदीले बर्सेनि जमिन कटान गर्दै आएको छ । सीमित बजेटका कारण तटबन्ध निर्माण सम्भव नभएपछि साझेदारीमा कार्य अगाडि बढाइएको अध्यक्ष रानाले बताए । बर्सात सुरु हुनुअघि नै निर्माण सम्पन्न गर्ने लक्ष्य राखेका छौँ, उनले भने ।

पेसवानका प्राविधिक जनक लेखकका अनुसार हाल तटबन्ध निर्माणका लागि बाँस गाड्ने काम सुरु भइसकेको छ । बाँस गाडेर र बुनेर संरचना तयार गरिन्छ, त्यसपछि जियोब्यागमा माटो भरेर राखिन्छ, उनले भने, तटबन्धलाई दिगो बनाउन भेटिभरजस्ता गहिरो जरा भएका बिरुवा रोपिन्छ ।

तटबन्ध निर्माण सम्पन्न भएपछि विनवारीका १५० भन्दा बढी किसानको जमिन नदी कटानबाट सुरक्षित हुने छ । जैविक तटबन्ध वातावरणमैत्री र कम लागतमा निर्माण गर्न सकिने भएकाले दीर्घकालीन रूपमा प्रभावकारी समाधान हुने बताइएको छ । रासस

# सुस्त खर्च, बढ्दो आम्दानी:
## मधेश प्रदेशको वित्तीय व्यवस्थापनमाथि गम्भीर प्रश्न !



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारको चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो ९ महिनाको वित्तीय विवरणले एउटा स्पष्ट चित्र देखाएको छ राजश्व संकलन उत्साहजनक भएपनि खर्चको गति निकै सुस्त छ । प्रदेश लेखा नियन्त्रक कार्यालय मधेश प्रदेशका अनुसार चैत मसान्तसम्म प्रदेशले २० अर्ब १८ करोड रुपैयाँभन्दा बढी आम्दानी गरेको छ, तर खर्च भने ७ अर्ब रुपैयाँ हाराहारीमा सीमित छ ।
आम्दानी र खर्चबीचको करिब १३ अर्ब रुपैयाँको अन्तरले प्रदेश सरकारको कार्यसम्पादन क्षमता र बजेट कार्यान्वयन प्रक्रियामाथि पुनः प्रश्न उठाएको छ । कागजमा घाटा बजेट ल्याइए पनि व्यवहारमा खर्च हुन नसक्दा कोषमा रकम थुप्रिने अवस्था देखिएको छ ।
हालसम्म कुल विनियोजित बजेटको १५ प्रतिशतभन्दा कम मात्रै खर्च हुनु अत्यन्तै कमजोर प्रदर्शन हो । चालुतर्फ केही प्रगति देखिए पनि पूँजीगत खर्च १० प्रतिशतभन्दा तल रहनु अझ चिन्ताको विषय बनेको छ । यसले विकास आयोजनाहरू अपेक्षित रूपमा अघि बढ्न नसकेको स्पष्ट संकेत गर्छ ।
आम्दानीतर्फ भने संघीय सरकारको अनुदान प्रमुख स्रोतका रूपमा देखिएको छ । समानिकरण र शसर्त अनुदानमार्फत ठूलो हिस्सा प्राप्त भएको छ । यसबाहेक मूल्य अभिवृद्धि कर, अन्त शुल्क, सवारी कर र दर्ता दस्तुरबाट पनि प्रदेशले उल्लेख्य राजश्व संकलन गरेको छ । साना शीर्षकहरू—जस्तै वन रोयल्टी, दहत्तर–बहत्तर बिक्री र परीक्षा शुल्क—बाट समेत करोडौं रकम उठेको छ ।
सूचना अधिकारी निरेन्द्रलाल कर्णका अनुसार फागुन महिनामै ठूलो मात्रामा राजश्व संकलन भएको थियो, जसले आम्दानीतर्फ सुधार भएको देखाउँछ । तर खर्चको अवस्था भने सन्तोषजनक बन्न सकेको छैन । विश्लेषकहरूका अनुसार बजेट खर्चमा ढिलाइ हुनुका पछाडि योजना निर्माणमा सुस्तता, ठेक्का प्रक्रियाको जटिलता, प्रशासनिक अवरोध र समन्वयको कमी जस्ता कारणहरू छन् । यसको प्रत्यक्ष असर विकास आयोजनाहरूमा देखिएको छ, जसले अपेक्षित गति लिन सकेका छैनन् ।
यदि यही प्रवृत्ति जारी रह्यो भने आर्थिक वर्षको अन्त्यमा 'असारे विकास' को दबाब बढ्ने र हतारमा खर्च गर्दा गुणस्तरमा असर पर्ने जोखिम देखिन्छ । दीर्घकालीन विकासका दृष्टिले यो अवस्था गम्भीर चिन्ताको विषय बन्न सक्छ ।
यस सन्दर्भमा प्रदेश सरकारका लागि मुख्य चुनौती अब आम्दानी बढाउने होइन, संकलित स्रोतलाई समयमै प्रभावकारी रूपमा परिचालन गर्ने हो । अन्यथा, बजेट केवल कागजमै सीमित रहने र जनताले प्रत्यक्ष लाभ पाउने अवस्था अझै टाढा रहनेछ ।

### सीमा नाकामा साना सामानमा भन्सार
# जसपा नेपालको आपत्ति
## निर्णय पुनर्विचार गर्न आग्रह



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनता समाजवादी पार्टी नेपालका संरक्षक महन्थ ठाकुरले तराई–मधेश क्षेत्रका सीमा नाकाबाट सय रुपैयाँसम्मका सामान भन्सार नतिरी ल्याउन पाइने सरकारी प्रावधानप्रति असहमति जनाएका छन् ।
शनिबार जारी गरिएको विज्ञप्तिमार्फत ठाकुरले उक्त निर्णयलाई अदूरदर्शी भन्दै तत्काल पुनर्विचार गर्न सरकारलाई आग्रह गरेका हुन् । उनका अनुसार यस्तो व्यवस्था सीमावर्ती क्षेत्रका नागरिकको दैनिक जीवनसँग मेल नखाने खालको छ ।
विज्ञप्तिमा विशेष गरी नेपाल–भारत सीमामा दैनिक आवतजावत गर्ने सर्वसाधारणलाई लक्षित गरेर ल्याइएको प्रावधान व्यवहारिक नभएको उल्लेख गरिएको छ । यसले सीमापार हुने सानो–सामानको किनमेलमा अनावश्यक जटिलता थप्ने र स्थानीय जनजीवनमा नकारात्मक असर पार्ने उनको तर्क छ ।
ठाकुरले नेपाल–भारतबीचको सम्बन्ध ऐतिहासिक, सामाजिक र पारस्परिक विश्वासमा आधारित रहेको उल्लेख गर्दै नागरिकको दैनिक उपभोगसँग प्रत्यक्ष जोडिएका विषयमा यस्ता प्रतिबन्ध लगाउनु उपयुक्त नहुने बताएका छन् ।उनले सरकारलाई यस्तो निर्णय फिर्ता लिन र सीमावर्ती जनताको सहज जीवनयापनलाई ध्यानमा राख्दै व्यवहारिक नीति ल्याउन आग्रह गरेका छन् ।

# निजी विद्यालयको शुल्कमा कडाइ
## सामुदायिक शिक्षामा सुधारमा जोड



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिकाले निजी विद्यालयहरूको मनपरी शुल्क निर्धारण नियन्त्रण गर्दै सामुदायिक विद्यालयहरूको गुणस्तर सुधारलाई प्राथमिकतामा राखेर अघि बढेको जनाएको छ । उपमहानगर प्रमुख मनोजकुमार साहले शिक्षामा देखिएको असन्तुलन अन्त्य गर्न स्पष्ट नीति र कडाइका साथ काम भइरहेको बताएका छन् । शनिबार वडा नम्बर–१६ कपिलेश्वरस्थित श्री आधारभूत विद्यालय कपिलेश्वरमा नवनिर्मित चारकोठे पक्की भवन उद्घाटन कार्यक्रममा बोल्दै उनले निजी विद्यालयहरूलाई कानुनी दायराभित्र ल्याउनुपर्ने आवश्यकता औँल्याए ।
उनका अनुसार अभिभावकमाथि अनावश्यक आर्थिक भार पर्ने गरी शुल्क तोक्ने प्रवृत्ति अब सह्य नहुने छ । 'निजी विद्यालयहरूले मनपरी शुल्क लिने अभ्यास रोक्नुपर्छ, उपमहानगरले कानुनअनुसार शुल्क निर्धारण प्रक्रिया कार्यान्वयनमा ल्याउनेछ,' उनले भने ।
मेयर साहले अनुमति नै नलिई सञ्चालन भएका वा स्वीकृत मापदण्डभन्दा माथि कक्षा चलाउने विद्यालयहरूलाई कडा कारबाही गरिने चेतावनीसमेत दिए । शिक्षा क्षेत्रमा अव्यवस्था स्वीकार्य नहुने स्पष्ट पार्दै उनले नियम उल्लंघन गर्ने जो–कोहीलाई कारबाही हुने बताए । कार्यक्रममा उनले सामुदायिक विद्यालय सुधार नगरी समग्र शिक्षा क्षेत्र सुदृढ हुन नसक्ने उल्लेख गर्दै भौतिक पूर्वाधारसँगै गुणस्तरीय शिक्षण, दक्ष शिक्षक र आधुनिक पद्धतिमा जोड दिनुपर्ने बताए । 'सामुदायिक विद्यालयलाई सक्षम र प्रतिस्पर्धी बनाउनु हाम्रो मुख्य लक्ष्य हो,' उनले भने, 'विद्यार्थी र अभिभावकको विश्वास जित्ने वातावरण बनाउन उपमहानगर प्रतिबद्ध छ ।'
नवनिर्मित चारकोठे भवनले विद्यालयको भौतिक अवस्था सुधार्न महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ । उपमहानगरपालिकाले आगामी दिनमा पनि शिक्षा क्षेत्र सुधारका कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ । निजी र सामुदायिक विद्यालयबीच सन्तुलन कायम गर्दै गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने उद्देश्यसहित योजना अघि बढाइने जानकारी दिइएको छ ।
कार्यक्रममा उपप्रमुख किशोरी साह, वडाका जनप्रतिनिधि, विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक तथा स्थानीयवासीको सहभागिता रहेको थियो ।

### सरकारले खटाएको सहसचिव हाजिर नगराएपछि
## दशौँ तहका कर्मचारीको आर्थिक तथा प्रशासनिक अधिकार रद्द




**मधेशदृष्टि**
**वीरगंज।**
सरकारले खटाएको सहसचिव तहको प्रमुख प्रशासकीय अधिकृतलाई हाजिर नगराएपछि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले वीरगंज महानगरपालिकामाथि कडा 'एक्सन' लिएको छ।
मन्त्रालयले हाल महानगरमा कार्यरत दशौँ तहका कर्मचारीको आर्थिक तथा प्रशासनिक अधिकार रद्द गरिदिएपछि महानगरको सम्पूर्ण कामकाज ठप्प हुने स्थितिमा पुगेको छ।
गएको फागुन १२ गतेको मन्त्रिपरिषद् निर्णय अनुसार सरकारले सहसचिव रेशमलाल कँडेललाई वीरगंजको प्रमुख प्रशासकीय अधिकृतका रूपमा खटाएको थियो।
तर, मेयर राजेशमान सिंहले महानगरसँग समन्वय र परामर्श नगरिएको भन्दै कँडेललाई हाजिर गराउन इन्कार गर्दै आउनुभएको थियो।
मेयर सिंहले हाल कार्यरत दशौँ तहका शिक्षा समूहका अधिकृत अरविन्दलाल कर्णबाटै महानगर चलाउन खोजेपछि मन्त्रालयले यसलाई ऐन विपरीतको कदम ठहर गरेको छ । महानगरपालिकामा सहसचिव स्तरको कर्मचारी प्रमुख प्रशासकीय अधिकृत हुने कानूनी व्यवस्था छ।
सरकारको निर्णयलाई चुनौती दिँदै कँडेललाई हाजिर नगराएपछि मन्त्रालयले कर्णले सम्हाल्दै आएको आर्थिक र प्रशासनिक जिम्मेवारी नै खोसिदिएको हो।

# सीमामा कडाइपछि सर्लाही–सोनबरसा क्षेत्रमा तनाव
## समन्वयपछि अवस्था सामान्य



**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीसँग जोडिएको नेपाल–भारत सीमामा पर्ने भारतीय क्षेत्र सोनबरसा नजिक शनिबार एक घटनापछि केहीबेर तनावको अवस्था सिर्जना भएको छ । सोनबरसा थाना क्षेत्रअन्तर्गत इन्दरवा गाउँ नजिकको उक्त घटनाले सीमावर्ती जनजीवनमा असर पार्ने संकेत दिएको छ ।
स्थानीय स्रोतका अनुसार नेपालतर्फको खेततर्फ जाँदै गरेका एक भारतीय नागरिकको मोटरसाइकल सशस्त्र प्रहरीले नियन्त्रणमा लिएपछि विवाद सुरु भएको थियो । त्यसको प्रतिवादमा आक्रोशित भारतीय पक्षका केही व्यक्तिहरूले नेपाली नागरिकका मोटरसाइकलसमेत नियन्त्रणमा लिन थालेपछि अवस्था थप जटिल बनेको थियो ।
स्थिति बिग्रँदै गएपछि नेपाल र भारत दुवै पक्षका सुरक्षाकर्मीबीच तत्काल छलफल भएको थियो । सोही छलफलपछि सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको मोटरसाइकल फिर्ता गरेसँगै विवाद साम्य भएको जनाइएको छ ।
सीमावर्ती क्षेत्रमा बसोबास गर्ने स्थानीयका अनुसार भारतको इन्दरवा क्षेत्रका बासिन्दाहरूको ठूलो परिमाणमा जमिन नेपालतर्फ सखुअवा, नोकैल्वा, पर्सा र पिपरा सरेह क्षेत्रमा फैलिएको छ । वर्षौंदेखि उनीहरू दैनिक रूपमा सीमापार गर्दै खेतीपाती गर्दै आएका छन्, जसले सीमापार आवतजावतलाई उनीहरूको दैनिकीको अभिन्न हिस्सा बनाएको छ ।
तर पछिल्ला दिनहरूमा नेपाली सुरक्षाकर्मीहरूले भारतीय नम्बर प्लेटका सवारीसाधनको आवागमनमा कडाइ गर्न थालेपछि यस्तो विवाद सतहमा आएको हो । सुरक्षा निकायले बिना अनुमति वा भन्सार प्रक्रिया बिना नेपाल प्रवेश गर्ने सवारीसाधनलाई रोक्न थालेको बताइएको छ ।
प्रचलित नियमअनुसार विदेशी नम्बर प्लेटका सवारीसाधन नेपाल प्रवेश गर्दा अस्थायी भन्सार पास लिनुपर्ने व्यवस्था छ, जसअनुसार निश्चित समयभित्र मात्र ती सवारी नेपालमा सञ्चालन गर्न पाइन्छ ।
नियम उल्लंघन गरे कारबाहीको प्रावधान पनि रहेको छ । पछिल्लो समय यही व्यवस्था कडाइका साथ लागू हुन थालेपछि सीमावर्ती बासिन्दाहरू प्रभावित भएका छन् ।
विशेषगरी खेतीपातीका लागि दैनिक आवतजावत गर्ने भारतीय किसानहरूलाई यसले प्रत्यक्ष असर पारेको स्थानीयहरूले बताएका छन् । उनीहरूका अनुसार लामो समयदेखि सहज रूपमा चलिरहेको आवागमनमा अचानक कडाइ गर्दा समस्या उत्पन्न भएको हो ।
स्थानीय तह र सुरक्षा निकायबीच समन्वय अभाव तथा नियम कार्यान्वयनमा देखिएको कडाइका कारण यस्ता घटनाहरू पुनः दोहोरिन सक्ने भन्दै सरोकारवालाहरूले दीर्घकालीन समाधान खोज्नुपर्ने आवश्यकता औँल्याएका छन् ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन